जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक ३१३ • २०८१ साल चैत २८ गते विहीबार (10 April, Thursday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जनमत-नागरिक एकीकरणमा हैसियतको लफडा

**टुडे समाचारदाता**

काठमाण्डु । सीके राउत नेतृत्वको जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच एकताका लागि आन्तरिक टुंगो लागिसकेपछि नयाँ विवाद उत्कर्षको चरणमा पुगेको छ ।

जनमत पार्टी फोड्न केही गद्दार सक्रिय रहेको भन्दै सामाजिक सञ्जाल पेजमा सार्वजनिक गरेको अर्को दिनमै नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले नयाँ कार्ड फ्याकेकी छन् ।

पूर्वमन्त्रीसमेत रहेकी अध्यक्ष श्रेष्ठले पार्टी एकीकरणपछि राउतले पाउने हैसियत बराबर नै चाहिने दाबी गरेकी छन् ।

एकीकृत पार्टीको अध्यक्ष राउत रहने र सहअध्यक्ष श्रेष्ठलाई राख्ने सहमति भएको थियो । तर सो सहमतिमा भने श्रेष्ठ तयार छैनन् । पार्टीको पहिलो वरीयतामा संरक्षकमा रेशम चौधरी, दोस्रोमा अध्यक्ष राउत र तेश्रोमा श्रेष्ठ रहने छिन् ।

वैशाख १५ गतेभित्र पार्टी एकता घोषणाको तयारी चलिरहेको बेला श्रेष्ठले नयाँ लफडा खडा गरेको  जनमत पार्टीका नेताहरूले प्रधानमन्त्री केपी शर्मा ओली निकट श्रेष्ठ रहेको आरोप लगाएका छन् ।

# छानबिन समिति गठन गर्न सभामुखको निर्देशन

## साह र सिंहमाथि खनिए मन्त्री यादव, मुख्यमन्त्रीले पनि ढाँटे

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवसहितको भ्रष्टाचार र योजना बिक्री गरेको छानबिन गर्न प्रदेश सभामुख रामचन्द्र मण्डलले संसदीय छानबिन समिति गठन गर्न निर्देशन दिएका छन् ।

प्रदेश सभामा भएको सर्वदलीय सहमति अनुसार सभामुख मण्डलले बुधबारको बैठकपछि छानबिन समिति गठन गर्न सचिवालयलाई निर्देशन दिएका छन् ।

प्रदेश सभा सचिवालयले प्रदेश सभामा रहेका दलहरुको एक-एकजना प्रतिनिधि रहने गरी छानबिन समिति गठन गरिने छ । त्यसपछि समितिले आफूहरु मध्येबाट एकजना संयोजक छानेर छानबिन गर्न टीओआर बनाउने छ । त्यसपछि समितिले छानबिनको प्रक्रिया अगाडि बढाउने बताइएको छ ।

भौतिक पूर्वाधार विकासमन्त्री यादवले सबै योजनाहरु दलालमार्फत बिक्री गरेको र मन्त्रालयको कयौं कार्यक्रमहरुमा व्यापक भ्रष्टाचार गरेको आरोप लगाउँदै विपक्षी दलहरुले छानबिन गठन गर्न माग गरेका थिए ।

विपक्षी दलहरु संसदीय छानबिन समिति गठन नभएसम्म प्रदेश सभाको बैठक चल्न नदिने बताएका थिए ।

तर सत्तापक्षले विपक्षीहरुको मागलाई अस्वीकार गर्दै प्रदेश सभाको बैठक नै अनिश्चितकालका लागि स्थगन गराएका थिए । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रदेश सभामा सम्बोधन गर्ने कार्यक्रम निश्चित भएपछि मात्र विरोधिहरुको माग सम्बोधन गर्न सभामुख मण्डल बाध्य भए ।

सहमति अनुसार प्रदेश सभामा भौतिक पूर्वाधार विकासमन्त्री यादवले झण्डै २ घण्टा लामो भाषण गर्दै आफ्नो सफाइ भन्दा माओवादी संसदीय दलका नेता समेत रहेका निवर्तमान अर्थमन्त्री भरतप्रसाद साह र जनता समाजवादी पार्टी(जसपा) नेपालका सभासद सरोज कुशवाहामाथि खनिए ।

उनले आफ्नो भाषणको अधिकांश समय साह र कुशवाहाको व्यक्तिगत आलोचनामा खर्च गरेका थिए ।

मन्त्री यादवले साह अर्थमन्त्री रहेको बेला बनाएको बजेटमा रकम लिएर योजना समावेश गरेको आरोप लगाउँदै बजेट ने ह्याक गरेर ठेकेदार हरुको मिलेमतोमा योजनाहरु बजेटमा प्रविष्ट गरेको आरोप लगाए ।

गृह तथा सञ्चार मन्त्री रहेको बेला साहले लिएको सुराकी रकम फिर्ता नगरेको, बिजुलीको महसुल नतिरेको जस्ता आक्षेप लगाउँदै मन्त्री यादवले प्रदेशको बजेटमा व्यापक गडबडी गरेको आरोप लगाए ।

मन्त्री यादवले रामगोपालपुर नगरपालिकामा सडक ढलानको शिलान्यास गर्न गएको बेला स्थानीय वासिन्दाहरुले खेदेका थिए । मन्त्री यादवलाई साहले नै शिलान्यास कार्यक्रममा विरोध गराएको बताउँदै आएका छन् । माओवादी दलका नेता साहलाई समेत योजना बिक्री गरेको आरोप लगाउन मन्त्री यादव चुकेनन् ।

त्यसैगरि उनले जसपा नेपालका सांसद कुशवाहामाथि सुराकीको रकम खाएको र फिर्ता नगरेको, कयौं योजनाहरु बिक्री गरेको लगायतका आरोपहरु प्रदेश सभामा लगाए । सांसद कुशवाहाले केही दिन पूर्व प्रदेश सभाको बैठकमा मन्त्री यादवको नाम नलिइकन योजना बिक्री गरेको आरोप लगाएका थिए । भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुखहरुले नै योजनाको कार्यदेश पत्रमा हस्ताक्षर गराएर पत्र मन्त्रीले नै आफ्नो नियन्त्रणमा लिएको कुशवाहाले आरोप लगाएका थिए । उनले अप्रत्यक्ष रुपमा मन्त्री यादवको मानसिक सन्तुलन जाँच गराउन सरकारी खर्चमा राँची पठाउने व्यवस्था मिलाउन बैठकमा माग गरेका थिए ।

त्यसबाट आक्रोशित बनेका मन्त्री यादवले संसदीय मर्यादालाई उल्लंघन गर्दै पूर्वमुख्यमन्त्रीदेखि सांसदहरुको नाम नै उल्लेख गरी अनेक आरोपहरु लगाएका थिए ।

बैठकमा मुख्यमन्त्री सतीश कुमार सिंहले भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँगको भेंट आफन्तकहाँ गएको बेला अचानक भएको बताउँदै प्रदेश सभालाई ढाँठे । उनी नेपाली कांग्रेसका सांसद अभिषेक प्रताप शाहको सहयोगमा भारतको गोरखपुरमा पुगेर मुख्यमन्त्री योगीलाई भेटेका थिए ।

योगीलाई भेट्न उनले पटक-पटक गरेको प्रयास असफल भएपछि गोरखपुरमा पुगेर संक्षिप्त भेट गरी फोटो सार्वजनिक गरेका थिए ।

बैठकमा अर्थमन्त्री सुनिल कुमार यादवले पनि आफ्ना धारणा राखेका थिए । अर्थमन्त्रालयको विषयमा उठेका प्रश्नहरुको उनले उत्तर दिएका थिए । विपक्षीहरुले अर्थमन्त्री यादवमाथि आरोप लगाएका थिए ।

## फर्जी उपभोक्ता समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । भौतिक पुर्वाधार विकास कार्यालय धनुषाले कमला नगरपालिका- ४ मा दिएको तीन वटा योजनाको फर्जी उपभोक्ता समिति गठन गरिएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले बिक्री गरेको योजनाको उपभोक्ता समिति गठन गर्न उपमेयरको किर्ते हस्ताक्षर गरिएको बताइएको छ ।

भौतिक पुर्वाधार मन्त्री यादवको संरक्षणमा फर्जी उपभोक्ता समिति बनाएर काम गर्ने प्रयास भएको हो । २५/२५ लाख रुपैयाँको ३ वटा योजनामा धनुषा निर्वाचन क्षेत्र नम्बर २ का एमालेका नेताले उपभोक्ता समिति बनाएको स्थानीयको शंका छ ।

सघारा राधा कृष्ण मन्दिरको धर्मशालाको माथिल्लो तल्लामा निर्माण कार्य, दुर्गा मन्दिरदेखि कमला बाँधसम्म सडक स्तरोन्ति कार्य र हुलाकी सडकको छेउमा अधुरो रामजानकी मन्दिर पुरा गर्ने निर्माण कार्य योजनामा फर्जी उपभोक्ता समिति बनाइएको हो ।

कमला नगरपालिकाकी उपप्रमुख शिला देवी मण्डलको फर्जी हस्ताक्षर गरी उपभोक्ता समिति बनाएकी छन् । उपप्रमुखले सो विषयमा पुर्वाधार कार्यालयलाई पत्र काटेर सम्झौता रोक्का गर्न अनुरोध समेत गरेकी छिन् ।

वडा कार्यालयमा चिठ्ठी दर्ता गराइ १५ दिन भित्र उपभोक्ता समिति गठन गर्नुपर्ने प्रावधान छ । गत माघ २९ गते नै पूर्वाधार कार्यालयले उपभोक्ता समिति गठन सम्बन्धी पत्र तयार गरेका थिए । उक्त पत्र मन्त्रीले १० प्रतिशत लिएर योजना उपलब्ध गराएका थिए । वडाध्यक्ष गोहिवारले हालसम्म ती योजनाको चिठ्ठीहरु वडा कार्यालयमा नआएको बताए । उक्त योजनाको चिठ्ठी बीचौलियाहरुको हातमा भएको हुन सक्ने उनले आशंका गरे ।






## सिरहा एमाले अधिवेशन :
# नेतृत्व चयन सकसपूर्ण

**टुडे समाचारदाता**

सिरहा। सिरहामा नेकपा एमालेको नयाँ नेतृत्व चयनका लागि सकसपूर्ण बनेको छ। सिरहा जिल्ला अधिवेशनमा जिल्लामा गुट उपगुट छताछुल्ल हुँदा नयाँ कार्यसमिति चयन सकसपूर्ण बनेको छ।

मधेश प्रदेशमा एमालेका केन्द्रीय सचिव रघुवीर महासेठको एउटा र स्थायी समिति सदस्य नेतृत्व चयन हुनुपर्ने अडानमा छन्।

जिल्ला अधिवेशनको उद्घाटन गर्दै प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले सम्भव भए सर्वसम्मत र नभए स्वस्थ प्रतिपर्धाबाट नेतृत्व चयन गर्न सुझाएका थिए।

श्रेष्ठले रामविलास साहलाई सर्वसम्मत अध्यक्ष बनाउने चाहाना राखेका छन्।

उनले औपचारिक रुपमा



लीलानाथ श्रेष्ठको अर्को गुट छ।

सिरहा पूर्वमन्त्रीसमेत रहेका सांसद श्रेष्ठको गृहजिल्ला पनि हो।

उनले यहाँको कार्यसमितिको नेतृत्वमा आफ्ना विश्वासपात्रको खोजीमा छन्। उनले लामो समयदेखि कार्यसमिति सर्वसम्मत चयनको प्रयास गर्दै आएका छन्।

तर अर्का गुटका नेताहरू यसमा तयार देखिएका छैनन्। उनीहरू लोकतान्त्रिक प्रक्रिया अबलम्बन गर्दै चुनावमार्फत अहिलेसम्म आफ्नो उम्मेदवार सार्वजनिक नगरे पनि उनका लागि पहल गरिरहेको एक अधिवेशन प्रतिनिधिले बताए।

तर अर्को गुटबाट भने निवर्तमान प्रदेश सांसद अशोक यादवलगायतका नेताहरु अध्यक्षका आकांक्षी रहेका छन्।

जिल्ला अधिवेशनका लागि सिरहाका १७ स्थानीय तहबाट ६ सय प्रतिनिधि चयन भएका छन्। जसमध्ये १ सय ३५ सदस्यीय जिल्ला कार्यसमिति चयन गरिनेछ।

## मोटरसाइकलको ट्यांकीमा गाँजा तस्करी :
# रौतहटका युवक भारतमा पक्राउ



**सञ्जय मिश्रा**

रौतहट। मोटरसाइकलको ट्यांकी भित्र गाँजा तस्करी गरिरहेका रौतहटका एकजना युवक सीमानाकासंग जोडिएको भारत बिहार पूर्वी चम्पारण झरौखर थाना क्षेत्रमा पक्राउ परेका छन्।

मोटरसाइकलको ट्यांकी भित्र चार किलोभन्दा बढी लागूऔषध गाँजासहित स्थानीय बौधिमाई नगरपालिका- ३ स्थित मटिअर्वा गाउँका मुकेश साह भारतीय क्षेत्रमा संयुक्त टोलीद्वारा पक्राउ गरिएको सीमा सुरक्षा बल एसएसबी क्याम्प जमुनियाका प्रमुख सहायक कमान्डेन्ट भाग सिंह गुर्जरले जनाएका छन्।

सीमावर्ती भारतीय गाउँ पीठवा छेउ पिलर संख्या ३५६ ! ४ नजिकै मंगलवार साँझ आरोपी मुकेश साह प्रदेश २-०३-००७ प १७६७ नम्बरको कालो रङको १५० सिसिको पल्सर मोटरसाईकल चढेर शंकास्पद अवस्थामा भारतीय क्षेत्रमा प्रवेश गरेका थिए।

सीमाक्षेत्रको गतिविधि नियालिरहेका झरौखर थानाका गस्ती टोली र एसएसबि क्याम्प जमुनियाको टोलीले सो मोटरसाइकल रोकेर चेकजाँच गरेका थिए। चेकजाँचको क्रममा मोटरसाइकलको ट्यांकी भित्र पेट्रोलको स्थानमा ४ किलो ३०० ग्राम गाँजा बरामद गरिएको एसएसबिका सहायक कमान्डेन्ट गुर्जरले जानकारी दिएका छन्। पक्राउ परेका मुकेशले मोटरसाइकलको ट्यांकी भित्र गाँजा र पेट्रोल सीट मुनी राखेर यसरी नै यस अघि पनि नेपालबाट भारतीय क्षेत्रमा तस्करी मार्फत गाँजा पुऱ्याएको सोधबुझको क्रममा स्वीकार गरेको एसएसविले जनाएको छ। बरामद गाँजा, मोटरसाइकलसहित मुकेश साहलाई आवश्यक कारबाहीको लागि मंगलवार साँझ झरौखर थानाको जिम्मा लगाइएको एसएसबी क्याम्प जमिनियाले जनाएको छ।

मकवानपुरको विकट ठाउँहरुमा उत्पादित लागूऔषध गाँजा पछिल्लो समय रौतहट र बाराको विभिन्न नाकाहुँदै तस्करीको माध्यमबाट तस्करले भारतीय क्षेत्रमा पुऱ्याइरहेका छन्। भारतको बिहार पूर्वी चम्पारण जिल्लामा प्रहरी प्रमुख एसपीको रुपमा आइपीएस अफिसर सुवर्ण प्रभातले जिम्मेवारी सम्भाले देखि अपराधि तथा लागूऔषध कारोबारीहरुको भागाभाग भएको छ। एसपी प्रभातको निर्देशनमा दर्जनौं अपराधिका साथै ठूलो संख्यामा लागूऔषध कारोबारीलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याइएको जिल्ला प्रहरी कार्यालय मोतीहारीले जनाएको छ।

# प्रेमिकाकै सहमतिमा ठगी विवाह

**टुडे समाचारदाता**

राजविराज। प्रेमिकाकै सहमतिमा दाइजो र सन्तानका लागि ठगी विवाह गर्नेलाई सप्तरी प्रहरीले एक जनालाई पक्राउ गरेको छ। ठगी विवाह गर्ने सप्तरीको राजविराज नगरपालिका- २ का ३९ वर्षीय शैलेश देवलाई प्रहरीले पक्राउ गरी सप्तरीले जिल्ला अदालतबाट दुई पटक पाँच-पाँच दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको छ।

प्रेम एक जनासँग र विवाह अर्कोसँग गरी पत्नी र छोरालाई अधिकारबाट बञ्चित गरी हिंसा गर्दै आएको पत्नी प्रीति देवले उनीहरू माथि आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिएपछि देव र उनको प्रेमिकालाई प्रहरीले पक्राउ गरी अनुसन्धान शुरू गरेको छ।

देवसँगै सुनसरीको इटहरी नगरपालिका-५ मा सञ्चालित ह्यापीलैण्ड चाइल्ड केयरका सञ्चालिका ममता कुमारी चौधरीलाई पक्राउ गरी अनुसन्धान थालेको सप्तरीका डिएसपी एवम् प्रवक्ता जितेन्द्र बस्नेतले जानकारी दिए।

उनले भने, "चौधरीसँग देवको प्रेमपछि २०७१ जेठमा विवाह भई २०७३ मा विराटनगरबाट विवाहदर्ता भएको र प्रितिसँग २०७३ जेठमा विवाह भई २०७६ माघमा देवको राजविराज २ स्थित घर भएको वडाबाट विवाह दर्ता भएको अनुसन्धानबाट



देखिएको छ।

उनको अनुसार देवका श्रीमती प्रीति देवले आफ्ना श्रीमान ममता कुमारी चौधरीसँग दोस्रो विवाह गरेको जाहेरी दर्ता गराए पनि कागजी रूपमा चौधरी नै पहिलो पत्नी देखिएको उनले बताए।

चौधरीले प्रेम सम्बन्धबाट आफ्नो विवाह भएको दुई वर्षसम्म सन्तान नभएपछि सहमतिमै श्रीमानको प्रीतिसँग अर्को विवाह गराएको स्वीकारे। उनले सन्तानको लागि विवाह गराए पनि २०७६ मा प्रितिबाट एक छोरा र २०७८ मा आफुबाट पनि एक छोराको जन्म भएको बताए।

यता प्रीतिको माइती पक्षले ठगेर दाइजो र सन्तानका लागि विवाह गरेर छोरीलाई प्रताडित गर्दै आएको आरोप लगाए।

ठगी जालसाजी गरेर विवाह गरी छोरी र नातिको जिन्दगी बर्बाद गर्ने ज्वाईलाई हदैसम्म काबारहीका लागि उनले माग गरे।

प्रीतिको विवाहमा ६ लाख ५० हजार नगद, ८ तोला आठ आना सुन, तीन लाख ५० हजारको मोटरसाइकल र सरसामान गरी २० लाख बराबरको दाइजो दिएको जानकारी दिँदै उनले भने, "यति रकम खर्चेर अर्को ठाउँमा विवाह गरेको भए छोरीको जिन्दगी अहिले स्वर्ग हुन्थ्यो। ठगी र जालसाजी विवाहले जिन्दगी बर्बाद भयो।"

बहुविवाह गरेको आरोपमा जाहेरी परेपछि सप्तरी प्रहरीले उनीहरुलाई यही चैत १९ गते सुनसरीको इटहरीस्थित चाइल्ड केयर सेन्टरबाट पक्राउ गरेको थियो।

# स्वास्थ्यकर्मीहरूले आजदेखि सशक्त आन्दोलन गर्ने




**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारले हालै कार्यान्वयनमा ल्याएको स्वास्थ्य सेवा ऐन, २०८१ को विरुद्धमा प्रदेशभरका स्वास्थ्यकर्मीहरूले सुरु गरेको अनिश्चितकालीन धर्ना बुधबार तेस्रो दिन पनि जारी रह्यो।

आन्दोलनरत स्वास्थ्यकर्मीहरूले उक्त ऐनका प्रावधानहरूले आफूहरूको वृत्ति विकासमा गम्भीर अवरोध उत्पन्न गर्ने भएकाले तत्काल संशोधन गर्नुपर्ने माग गर्दै आन्दोलन चर्काइरहेका छन्।

तीन दिनदेखि शान्तिपूर्ण धर्ना गर्दै आएको आन्दोलनकारी पक्षले प्रदेश सरकारबाट कुनै सुनुवाइ नभएको गुनासो गर्दै भोलीदेखि आन्दोलनको स्वरूप परिवर्तन गरि थप सशक्त र चरणबद्ध संघर्ष गर्ने चेतावनी दिएको छ।

आन्दोलनको नेतृत्व गरिरहेको सिनियर अहेव र सिनियर अनमी चौथो तथा पाँचौं तह संघर्ष समितिका प्रदेश संयोजक मोहन साह भन्छन्, 'हामीले पटक-पटक ऐन संशोधनको माग गरेका थियौं।

तर, सरकारले बेवास्ता गर्दै आएको छ। अहिले हामी चर्को घाममा धर्ना बस्न बाध्य भएका छौं। संशोधन नभएसम्म अब चुप लाग्दैनौं।'

उनका अनुसार मधेश प्रदेशका करिब १,५०० देखि १,८०० स्वास्थ्यकर्मीहरू प्रत्यक्ष रूपमा उक्त ऐनबाट प्रभावित भएका छन्। ऐनले उनीहरूको पदोन्नति प्रक्रिया अवरुद्ध पार्दै भविष्यको करिअर मार्ग नै बन्द गरिदिएको उनको भनाइ छ। रौतहटका संघर्ष समिति संयोजक काशी साहले भने, 'मधेश सरकारले विभेदपूर्ण रूपमा हाम्रो स्तरवृद्धि रोकेको छ। हामीले सरकारको ढोका ढकढक्याइसक्यौं, तर कुनै सुनुवाइ छैन। माग सम्बोधन नभएसम्म यहीँ बसेर धर्ना जारी राख्नेछौं।'

संघर्ष समितिका कोषाध्यक्ष रामदेव कापरले संघीय स्वास्थ्य सेवा ऐन २०५३ अन्तर्गत भएको पदोन्नतिको प्रावधान हटाएर प्रदेश सरकारले स्वास्थ्यकर्मीहरूलाई पछाडि पार्ने काम गरेको आरोप लगाए।

'संघीय ऐनको दफा ९ अनुसार ४ तहमा नियुक्त भएका कर्मचारीले ५ वर्षपछि पाँचौं तहमा, त्यसपछि ८ वर्षमा छैटौं तहमा पुग्ने व्यवस्था थियो। अहिलेको ऐनले ती सबै व्यवस्था उल्टाएको छ।'

उनले थपे, 'हामीले स्थानीय तहदेखि प्रदेश सरकारसम्म पटक-पटक ध्यानाकर्षण गरायौं। तर, कुनै पनि निकायले चासो देखाएन। हामीसँग आन्दोलन बाहेक अरू विकल्प बाँकी रहेन।'

यद्यपि, आन्दोलनरत स्वास्थ्यकर्मीहरूले जनस्वास्थ्यमा गम्भीर असर नपरोस भन्ने उद्देश्यले आपतकालीन र अत्यावश्यक सेवाहरू निरन्तर सञ्चालनमा राख्ने निर्णय गरेका छन्। आन्दोलनकारीहरूको यो निर्णयले आम सर्वसाधारणप्रतिको जिम्मेवारीप्रति उनीहरूको संवेदनशीलता झल्काउँछ।

उनीहरूले यदि चाँडै समाधान गरिएन भने आन्दोलन अझ सशक्त र प्रदेशव्यापी बन्ने चेतावनी दिएका छन्।

# मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु

**टुडे समाचारदाता**

सिरहा। सिरहामा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। जिल्लाको धनगढीमाई नगरपालिका ७ को कसहास्थित पूर्वपश्चिम राजमार्गमा बुधबार बिहान मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु भएको सिरहा प्रहरीले जनाएको छ।

सुखीपुर नगरपालिका- ८ का अन्दाजी ३० वर्षीय जयकुमार गिरी र कल्याणपुर नगरपालिका १२ का करिब २८ वर्षीय सन्तोषकुमार यादवको मृत्यु भएको सिरहा प्रहरीले जनाएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरुको स्थानीय अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ।

त्यस्तै सन्तोषले चलाएको मोटरसाइकलमा पछाडि सवार सिरहा नगरपालिका- १२ का अन्दाजी २४ वर्षीय सिकन्दर यादवको टाउको, हात खुट्टामा गम्भीर चोट लागेको छ। उनको उपचार भइरहेको जनाइएको छ।

पश्चिम दिशाबाट आउँदै गरेको गिरीले चलाएको बा ४४ प १५६१ नम्बरको माटरसाइकल र पूर्वबाट आउँदै गरेको सन्तोषले चलाएको स ५ प ७७४० नम्बरको मोटरसाइकल तीव्र गतिका कारण एक आपसमा ठोकिएको थियो।

# तीन विधेयक प्रमाणीकरण

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशसभाबाट पारित भएको तीन वटा विधेयक प्रदेश प्रमुख सुमित्रा भण्डारीले प्रमाणीकरण गरेकी छन्। मधेशमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बाल अधिकारसम्बन्धी ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण भएको जनाइएको छ।



प्रदेश प्रमुखको कार्यालयबाट प्रमाणीकरणसम्बन्धमा पठाएको पत्र सभामुख रामचन्द्र मण्डलले बुधबार सदनमा वाचन गरेर सुनाएका थिए। प्रमाणीकरण भएको विधेयक प्रदेश राजपत्रमा प्रकाशन गरिने छ।

# सखुवा प्रसौनीस्थित वडा कार्यालय तोडफोड



**टुडे समाचारदाता**

वीरगंज। पर्साको सखुवा प्रसौनी गाउँपालिका-४ को कार्यालय तोडफोड गरिएको छ।

गएराति करिब ६ जनाको समूहले वडा कार्यालयभित्र प्रवेश गरी कुर्सी, टेबल, पंखा, दराज लगायतका सामग्री तोडफोड गरेको गाउँपालिका अध्यक्ष जसवन्त यादवले जानकारी दिए।

यादवले भने, 'कार्यालयको ताला फोडेर अफिसियल काजगात चोरी गरेर लगेको देखिन्छ। कार्यलायभित्र रहेका दराज, टेबल, पंखा, कुर्सी लगायत सामग्री तोडफोड भएको छ। तोडफोड गर्ने समूहमाथि किटानी जाहेरी दिने तयारी भइरहेको छ।'

एक जना भारतीय नागरिकलाई नागरिकता सिफारिस नगरिदिएको झोकमा ती समूहले वडा कार्यालयमा तोडफोड गरेको हुन सक्ने आशंका रहेको अध्यक्ष यादवले बताए।

'एक जना भारतीय नागरिकलाई नागरिकताको सिफारिस गर्न वडाध्यक्ष ज्यूमाथि दबाब आएको भन्ने सुनेको छु। भारतीय नागरिकलाई कसरी सिफारिस दिन सकिन्छ र ? वडाध्यक्ष ज्यूले ती व्यक्तिहरूमाथि मुद्दा दिने तयारी गरिरहनु भएको जानकारी पाएको छु।' पालिका अध्यक्ष यादवले भने।

रातिको समयमा प्रवेश गरेका करिब ६ जनाको समूहले १२ वटा कुर्सी, ३ वटा दराज तोडफोड गर्नुका साथै लेटरप्याड, छाप र ल्याप्टप चोरी गरेर लगेको वडाध्यक्ष आरिफ अन्सारी बताउँछन्।

उनले भने, '६ महिनादेखि एक जना भारतीय नागरिकलाई नागरिकताको सिफारिस दिन दबाब आइरहेको थियो। सिफारिसका लागि ममाथि विभिन्न धाकधम्की आइरहेको थियो। तिनै समूहले राति तोडफोड गरेका हुन्। उनीहरूविरुद्ध मुद्दा दर्ता गर्न जिल्ला प्रहरी कार्यालय पर्सा पुगेको छु।'

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : काममा राम्रै फाइदाको योग रहेकोछ।
वृष : नयाँ कामको थालनी गर्ने मौका मिल्नेछ। साथीभाईसंगको रमाइलो भेटघाटमा मन खुसि रहनेछ।
मिथुन : काममा लगानी बढाउने समय छ।
कर्कट : साथीभाईसंगको सम्बन्धमा सुधार आउनेछ।
सिंह : प्रतिष्ठित काम गर्ने मौका छ। अरूलाई प्रभावित पारेर काम लिन सकिने छ।
कन्या : सहयोगीहरूले राम्रो साथ दिनेछन।
तुला : बिना प्रतिस्पर्धा फाइदा हुने समय छ।
वृश्चिक : विशेष सभा समारोहमा सहभागी बन्ने मौका छ।
धनु : नयाँ कामको प्रस्ताव आउनेछ। पहिलो भेटमा नै धेरैले सहयोग गर्नेछन।
मकर : सोचेको आटेको काममा सफलता मिल्नेछ।
कुम्भ: साथीभाई र आफन्तको सहयोगबाट प्रशस्त लाभ उठाउन सकिनेछ।
मीन : शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर**
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर**
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर**
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको रामानन्द चोकदेखि उत्तरपश्चिममा मधेस प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयद्वारा करिब रू ६ करोड २३ लाखको लागतमा निर्माण गरिएको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको दुई निर्माण सम्पन्न भवन । उक्त भवनको निर्माण सम्पन्न भएको दुई वर्ष भन्दा बढी भइसक्दा पनि भुक्तानीलगायतका विविध समस्याका कारण भवन प्रयोगमा आउन सकेको छैन । *तस्बिरः रासस*

# अभिभावकविहीन पासाङको उपचारका लागि सहयोगको याचना

बरहथवा । अभिभावकविहीन किशोरको उपचारका लागि सहयोग गरिदिन सर्लाहीको हरिवनमा रहेको द्वन्द्वपीडित बालगृहले याचना गरेको छ ।

हरिवन नगरपालिका-५, घुर्कौलीमा रहेको बालगृहमा आश्रय लिएर बसिरहेका १७ वर्षीय किशोर पासाङ जिम्बा लामाको उपचारका लागि सहयोग गरिदिन बालगृहले आग्रह गरेको हो । पासाङको फोक्सोलगायतका अङ्गमा गम्भीर समस्या देखिएपछि तत्काल शल्यक्रिया गर्नुपर्ने भएको छ । वीरअस्पताल काठमाडौँमा राखिएका किशोरको उपचारमा आर्थिक अभाव भएपछि आश्रम परिवारले निजको जीवन रक्षाको लागि सहयोगको याचना गरेको हो ।



पासाङलाई केही समय पहिला डेङ्गु सङ्क्रमण भएको थियो । स्थानीयस्तरमै उपचारपछि ठीक हुनुभएको उहाँको स्वास्थ्यमा पुनः समस्या देखिएपछि यही चैत १५ गते काठमाडौँ पुऱ्याइएको हो । सुरुमा टेकु अस्पताल भर्ना गरिएको उहाँको फोक्सोमा पिप जमेको र अवस्था जटिल बन्दै गएको भन्दै चिकित्सकले वीर अस्पताल रिफर गरिदिएका आश्रममा अध्यक्ष सुरेन्द्र लामाले जानकारी दिनुभयो । किशोरको फोक्सोमा पिप जमेर 'इन्फेक्सन' भइसकेकाले चिकित्सकले तत्काल शल्यक्रिया गर्नुपर्ने भनेको उहाँको भनाइ छ ।

बालगृहले आश्रय दिएर राखेको अभिभावकविहीन पासाङको उपचारका लागि अहिलेसम्म रु दुई लाख बढी खर्च भइसकेको र थप शल्यक्रिया गर्न अस्पतालले सुरुमा रु डेढ लाख जम्मा गर्न भनेपछि आफूहरू समस्यामा परेको उहाँले बताउनुभयो । विभिन्न दाताको सहयोगमा सञ्चालन भइरहेको बालगृह आर्थिकरुपमा कमजोर रहेकाले समस्या भएको उहाँले सुनाउनुभयो ।

"अस्पतालले भनेको रु डेढ लाख रकम जम्मा गर्न नसक्दा अप्रेसन मिति पछाडि सार्नुपर्ने अवस्था आयो", लामाले भन्नुभयो, "हामी अहिले तत्काल अस्पतालमा जम्मा गर्नुपर्ने रु डेढ लाख कसरी जुटाउने भन्ने तनावमा छौँ, हामीलाई निरन्तर सहयोग गरेर हौसला दिनुहुने सहयोगीदातालाई जीवन रक्षाका लागि एक पटक फेरि अनुरोध गर्दछु ।"रासस

# अब 'लोडसेडिङ' हुँदैन : मन्त्री खड्का



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले अब लोडसेडिङ नहुने बताउनुभएको छ ।

रसुवामा निर्माण सम्पन्न भएको साञ्जेनखोला जलविद्युत् आयोजना (७८ मेगावाट) को बुधबार उद्घाटन गर्दै मन्त्री खड्काले अब नागरिकले लोडसेडिङको समस्या भोग्नु नपर्ने बताउनुभयो ।

उहाँले सरकार नागरिकको घरघरमा र उद्योगमा २४सै घण्टा बिजुली दिन प्रतिबद्ध रहेको उल्लेख गर्दै लोडसेडिङ हुन्छ भन्ने हल्लाको पछि नलाग्न आग्रह गर्नुभयो ।

आर्थिक सुशासन कायम गरेर लोडसेडिङ हुन नदिने गरी जलविद्युत् क्षेत्रको विकासमा लाग्न विद्युत् प्राधिकरणलाई मन्त्री खड्काले निर्देशन दिनुभयो ।

प्राधिकरणको नेतृत्वमा एसियाकै अब्बल इञ्जिनियर हितेन्द्रदेव शाक्य आएकाले आगामी दिनमा विद्युत् प्राधिकरणले थप उचाइ लिने मन्त्री खड्काले विश्वास व्यक्त गर्नुभयो । उहाँले सरकारले आगामी १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले उक्त लक्ष्यलाई पूरा गर्न निजी क्षेत्र र दातृ निकायलाई सँगसँगै लिएर हिँड्न चाहेको बताउनुभयो ।

नेपालमा जलविद्युत् क्षेत्रबाटै समृद्धि हासिल गर्न सकिने प्रचुर सम्भावना रहेकाले प्राधिकरणमा थप सुधार गरेर लक्ष्य प्राप्तिका लागि अगाडि बढ्न चाहेको मन्त्री खड्काले उल्लेख गर्नुभयो । आगामी दिनमा जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अगाडि बढाउँदै भारत, बङ्गलादेशलगायतका देशमा विद्युत् निर्यात गर्ने गरी सरकारले काम गरिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

मन्त्री खड्काले जलविद्युत् क्षेत्र सरकारको मुख्य प्राथमिकतामा रहेकाले उत्पादनसँगै निर्यातमा पनि काम गरिरहेको बताउनुभयो । उहाँले भारतसँग १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सहमति भएको र बङ्गलादेशमा ४० मेगावाट विद्युत् निर्यात गरिसकेको अवस्थामा उत्पादन भएको विद्युत् खेर नजाने भन्दै ढुक्क भएर लगानी गर्न निजी क्षेत्र र दातृ निकायलाई आग्रह गर्नुभयो । जलविद्युत् आयोजना निर्माणसँगै दुई देशबीचको सम्बन्ध विस्तार, आर्थिक समृद्धि र रोजगारी सिर्जना भएको उहाँको भनाइ थियो ।

कार्यक्रममा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले लोडसेडिङ हटाउन प्राधिकरण सक्षम रहेको भन्दै हल्लाको पछि नलाग्न आग्रह गर्नुभयो ।

उहाँले ऊर्जा मन्त्रालयबाट प्राधिकरणलाई पूर्ण सहयोग रहेकाले वर्तमान समस्यालाई चिरेर प्राधिकरणलाई थप उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।नेपालका लागि चिनियाँ राजदूतावासका कार्यवाहक राजदूत वाङ सिनले नेपालले जलविद्युत् क्षेत्रमा गरेको प्रगति अत्यन्त आशलाग्दो रहेको उल्लेख गर्दै यस क्षेत्रमा चीनको निरन्तर सहयोग रहने बताउनुभयो ।

'चाइना हारबर इञ्जिनियरिङ कम्पनी' र 'सालासुङ्गी पावर कम्पनी लिमिटेड'को संयुक्त लगानीमा निर्माण गरिएको उक्त जलविद्युत् आयोजना आजदेखि औपचारिक रुपमा राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो । उक्त जलविद्युत् केन्द्र चीनको सिनो हाइड्रो ब्यूरो-११ कम्पनीले निर्माण गरेको हो ।

रसुवाको आमाछोदिङ्मो गाउँपालिका-५ मा कूल रु २२ अर्ब लगानीमा निर्माण गरिएको उक्त जलविद्युत आयोजना सन् २०१९ देखि निर्माण थालिएको हो । रासस

# महोत्तरीमा जतातत्तै डढेलो

महोत्तरी।महोत्तरीकावनक्षेत्रमा अहिले जतातत्तै डढेलो छ । पूर्वपश्चिम राजमार्ग दायाँबायाँमात्र नभएर चुरे पर्वत श्रेणीका वनक्षेत्र र विपी राजमार्गको दायाँबायाँ क्षेत्रमा पनि डढेलोले वन सखाप पारेको छ । जता हेऱ्यो डढेका ठुटा र खरानी मात्र देखिन्छ ।

दिनहुँको डढेलोले दुई/तीन वर्षयताका नयाँ बिरुवा देखिँदैनन् । डढेलोले वयस्क र पुराना रुख पनि मरेका छन् । वनक्षेत्रका सुकेका रुख समयमा कटान व्यवस्थापन हुन नसक्दा ती पनि डढेर ठुटा बनेका छन् ।

बर्दिवास र गौशाला नगरपालिकामा पर्ने राष्ट्रिय वन (सामुदायिक वन), साझेदारी वन, धार्मिक वन र सागरनाथ वन विकास परियोजनाका प्लटमा डढेलोले रुख, बुटा खरानीमा परिणत भएका छन् । डढेलोले साखु र अन्य संरक्षित जातिका नयाँ बिरुवा डढेर खरानी हुने तथा वयस्क रुख आगो लागेर सुक्दै गएपछि वन क्षेत्र उजाड हुने क्रम बढेको हो ।

"अहिले रुख बिरुवाले पालुवा फेर्ने झारेका पुराना पात सुकेर खढ्ढ भएका बेला वनमा लाग्ने डढेलोले आगो चाँडै फैलने गर्छ", विपी राजमार्गसँगैको बर्दिबास-३ पाटुका सामाजिक कार्यकर्ता होमबहादुर खड्का भन्नुहुन्छ, "वनक्षेत्रमा दिनदिनै बढेको डढेलोले रुखबिरुवा सखाप हुनसँगै नजिकका बस्ती पनि आगलागीको उच्च जोखिममा छन् ।"

चुरे पहाडी क्षेत्र सबै बर्दिबास नगरपालिका क्षेत्रमा मात्र पर्छ । सागरनाथ वन विकास परियोजनाका प्लट भने बर्दिबासभन्दा गौशाला नगरक्षेत्रमा बढी छ । पूर्वपश्चिम राजमार्ग उत्तर सामुदायिक (राष्ट्रिय) वन र दक्षिणमा धेरैजसो परियोजनाका प्लट छन् । अभिलेखमा करिब २४ हजार हेक्टर वन क्षेत्रफल उल्लेख रहे पनि विभिन्न समयमा भएका फडानी र अतिक्रमणले १६ हजार हेक्टरमा खुम्चीएको छ ।



बाँकी रहेको वन पनि बर्सेनिको डढेलो र चोरी कटानले अब काटिएका र डढेलोले डढाएका रुखका ठुटा बढी देखिन्छन् । डढेलोले दुई/तीन वर्षयताका बिरुवा डढेपछि पुराना रुख धोद्रिउर बुढिदै जाने र नयाँ बढ्न नपाएपछि वन पातलिँदै गएको वनक्षेत्र नजिकको बर्दिबास-५ चेरु बस्तीका ८० वर्षीय भोगेन्द्रराज पौडेल बताउनुहुन्छ ।

चुरे आसपासका २० भन्दा बढी र सागरनाथ वन विकास परियोजनासँग जोडिएका पनि करिब यतिकै संख्याका बस्ती छन् । "वनकै छेउको बसाइँ छ, डढेलोले बस्ती भेट्टाउने चिन्ताले सुत्न सकिँदैन", वनसँगै जोडिएको बर्दिबास-१० खयरमाराका प्रेमध्वज लामा भन्नुहुन्छ, "बर्सेनि फागुन लागेपछि डढेलोको चिन्ताले कहिल्यै छाडेन ।"

वनका पतिङ्गर खढ्ढेर एकैछिनमा डढेलो बढ्ने गरेको लामा बताउनुहुन्छ । हिउँदे वर्षाले रुखबिरुवाले झारेका पातपतिङ्गर भिजाउँदा आगो ढिलो फैलने विगत अनुभव सम्झदै वनक्षेत्र नजिकका बासिन्दा यसपालि भने डढेलोले विकराल रुप लिएको बताउँछन् ।

पूर्वमा धनुषासँगको सीमा रातुपुलदेखि पश्चिममा सर्लाहीसँगको बााकेपुलसम्म करिब १८ किलोमिटर लम्बाइको छ । यसभित्र चारवटा सबडिभिजन वन कार्यालय, सशस्त्र वन सुरक्षा बेस र १० ठाउँ जति वन सुरक्षा पोष्ट रहे पनि यो जनशक्ति डढेलो नियन्त्रणमा भने उदासिन देखिएको सर्वसाधारणको गुनासो छ ।

सागरनाथ वन विकास परियोजना प्लटसँगै जोडिएको हात्तीलेटका बासिन्दा राधाकृष्ण शर्मा भन्नुहुन्छ, "वनक्षेत्रमा लाग्ने डढेलो कममात्र प्राकृतिक कारणले लाग्छ, धेरैजसो बदमासले आगो झोसेरै लगाउने गरेका छन् ।" बर्सेनि लाग्ने डढेलो रोक्न पूर्वतयारी कहिल्यै नदेखिएको र डढेलो लगाउने पक्राउ परेर कारबाही भएको आफूलाई सम्झना नभएको शर्माको भनाइ छ ।

फागुनदेखि नै डढेलो देखिन थाल्छ । ठूलठूला रुखको घर्षणले यदाकदा वनमा आगो सल्के पनि खासमा चाँही घाँसे, दाउरे र गोठालाहरुले डढेलो लगाउने गरेका वनसम्बद्ध सरकारी सेवाबाट अवकाश लिएका हाल बर्दिबास-१ कै बासिन्दा चन्देश्वर यादव बताउनुहुन्छ । फागुन/चैतमा वनमा डढेलो लगाए त्यसपछि हुने वर्षासँगै नयाँ घाँस पलाउने विश्वासले वन क्षेत्र नजिककै पशुपालकले डढेलो लगाउने गरेका सहायक वन अधिकृतको सेवाबाट अवकाश लिनुभएका यादवको अनुभव छ ।

जिल्लामा सामुदायिक, धार्मिक र सागरनाथ वन विकास परियोजनाको समेत गरी २४ हजार ४६५ हेक्टर क्षेत्रफलमा वन रहेको डिभिजन वन कार्यालयको अभिलेखमा उल्लेख छ । अतिक्रमण गरेर घर ठड्याउने र खानजोत गर्नेलाई राजनीतिक संरक्षण मिल्ने हुँदा वन सुरक्षाको कुरा निकै चुनौतीपूर्ण बनेको नाम नबताउने वनसम्बद्ध कर्मचारी बताउँछन् ।

वन क्षेत्रको सुरक्षा र व्यवस्थापनको मुख्य जिम्मेवारी रहेको डिभिजन वन कार्यालयले पर्याप्त सुरक्षाकर्मी नहुँदा सबैक्षेत्रमा सघन गस्ती गराउन नसकिएको स्वीकार गरेको छ । वन क्षेत्रको सुरक्षा र प्रवर्द्धनको कार्य वन क्षेत्रसँग जोडिएका बस्तीका बासिन्दाको सहयोग र समन्वय आवश्यक हुने डिभिजन वन कार्यालयका प्रमुख सुभासचन्द्र दास बताउनुहुन्छ ।

"हामीसँग भएको जनशक्ति परिचालन गरिरहेका छौँ, तर डढेलो नियन्त्रण स्थानीय बासिन्दाको सहयोगबिना सम्भव छैन", उहाँ भन्नुहुन्छ, "वन क्षेत्रसम्बद्ध स्थानीयतहका जनप्रतिनिधि, सामाजिक सङ्घसंस्था र स्थानीय बासिन्दाको पहलकदमी हुनसके डढेलो नियन्त्रणमा सफलता पाउन सकिन्छ ।" यसका लागि कार्यालयले आवश्यक समन्वय गरिरहेको प्रमुख दासले बताउनुभयो ।रासस

# 'नयाँ शैक्षिकसत्र सुरु हुनुअघि नै देशभरका विद्यालयमा पाठ्यपुस्तक'

काठमाण्डु । जनकशिक्षा सामग्री केन्द्र लिमिटेडले शैक्षिकसत्र २०८२ को पठनपाठन सुरु हुनुअघि नै देशभरका विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउन आवश्यक प्रबन्ध गरेको जनाएको छ ।

केन्द्रका प्रबन्धक निर्देशक यदुनाथ पौडेलले विद्यालय तहको नयाँ शैक्षिकसत्रका लागि छपाइ गर्नुपर्ने एक करोड ७० लाख ५० हजार थान पाठ्यपुस्तक (अङ्ग्रेजीमा अनुवादितसमेत) केन्द्रीय कार्यालय र मातहतका प्रादेशिक कार्यालयहरूबाट तालिकाबद्ध रूपमा बिक्रीवितरणको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

यही चैत १२ गतेदेखि बिक्रीवितरण खुला गरी देशका ७७ वटै जिल्लाका सूचीकृत बिक्रेताहरूमार्फत शैक्षिक सत्र सुरु हुनुअगावै सम्बन्धित विद्यालयहरूमा पुर्याउन पहल भएको उहाँले बताउनुभयो । "हामीले पठनपाठन सुरु हुनुअघि नै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउन सम्पूर्ण तयारी गरिसकेका छौँ । कथम्कदाचित् विद्यालयमा पाठ्यपुस्तक नपुगेको र विद्यार्थीले प्राप्त नगरेको गुनासो आएमा तुरुन्त केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयहरूमा सम्पर्क गर्न आग्रह छ", उहाँले भन्नुभयो ।

हालसम्म देशभरका नौ वटा कार्यालयबाट ६४ लाख ७६ हजार ८५० थान पुस्तक बिक्रिवितरण गरिसकिएको केन्द्रले जनाएको छ । केन्द्रका अनुसार केन्द्रीय कार्यालयबाट १२ लाख तीन हजार १३४, कोशी प्रदेश कार्यालय विराटनगरबाट सात लाख ३८ हजार ६८१, मधेसको जनकपुरबाट चार लाख ९४ हजार १४२, बागमतीको भरतपुरबाट छ लाख २६ हजार ४३८, गण्डकीको पोखराबाट पाँच लाख ३२ हजार ३२४, लुम्बिनीको बुटवलबाट नौ लाख नौ हजार ६५८, कर्णालीको सुर्खेतबाट तीन लाख ६५ हजार ८०४, सुदूरपश्चिमको धनगढीबाट सात लाख ५० हजार १७ र प्रादेशिक प्रेस नेपालगञ्जबाट आठ लाख ५६ हजार ६५२ थान पुस्तक बिक्रीवितरण भइसकेका छन् ।

गत सोमबारसम्म उक्त परिमाणमा पुस्तक बिक्रीवितरण भएका र केन्द्र मातहतका कार्यालयमा बाँकी एक करोड पाँच लाख ७३ हजारभन्दा बढी थान पुस्तक मौज्दात रहेकाले सूचीकृत बिक्रेताहरूलाई समयमै सम्पर्कका लागि अनुरोध गरिएको छ । साथै कक्षा ११ र १२ का पाठ्यपुस्तक पनि विद्यार्थी स‌ङ्ख्याका आधारमा छपाइ भइरहेकाले समयमै उपलब्ध गराइने प्रबन्धक निर्देशक पौडेलले जानकारी दिनुभयो ।

"केन्द्रले कक्षा १, २ र ४ बाहेकका पाठ्यपुस्तक छाप्ने र वितरण गर्ने जिम्मेवारी पाएको थियो । विद्यालय तहको प्राप्त जिम्मेवारी समयमै पूरा गर्नेगरी काम भएको छ । बाँकी पुस्तक पनि चाँडै बिक्रीवितरणका लागि हामी खटिरहेका छौँ", उहाँले भन्नुभयो ।

केही वर्षअघिसम्म देशभरका विद्यालयमा शैक्षिकसत्र सकिने बेलासम्म विद्यार्थीले पुस्तक पाउन नसकेको गुनासो आउने गरेका थिए । सरकारले केही वर्षयता जनक शिक्षा सामग्री केन्द्रलाई पाठ्यपुस्तक छाप्ने जिम्मा दिएपछि समस्या समाधान हुन थालेको छ । सरकारले कक्षा एक, दुई र चारको पाठ्यपुस्तक छपाइको जिम्मा भने निजी क्षेत्रलाई नै दिने गरेको छ ।रासस

# 'दोस्रो नेशनल हर्टिकल्चर एक्स्पो-२०८१' बिहीबारदेखि

काठमाण्डु । 'दोस्रो नेशनल हर्टिकल्चर एक्स्पो २०८१' बिहीबारदेखि सुरु हुने भएको छ । काठमाडौँको भृकुटीमण्डपमा यही चैत ३१ गतेसम्म सञ्चालन हुने एक्स्पोको सम्पूर्ण तयारी पूरा भएको आयोजक नर्सरी व्यवसायी सङ्घ नेपालले जनाएको छ ।

समग्र नर्सरी क्षेत्रको एकीकृत महाकुम्भ मेलाका रुपमा यस वर्षदेखि पुष्प, फलफूल, कृषि, वन तथा जडीबुटी नर्सरीका व्यावसायिक उत्पादनको बृहत् प्रदर्शनी गरिने मेलाका संयोजक तथा सङ्घका वरिष्ठ उपाध्यक्ष रविनकुमार गौतमले जानकारी दिनुभयो ।



एक्स्पोमा देशभरिबाट पुष्प नर्सरी, फलफूल नर्सरी, कृषि वन नर्सरी तथा जडीबुटी नर्सरीका ७०० भन्दा बढी प्रजातिका बोट बिरुवा प्रदर्शनी तथा बिक्री वितरणका लागि राखिने छ । साथै मलखाद, जैविक एवं रासायनिक विषादी, बीउबिजन, गमला, औजार उपकरण तथा प्रविधिका समेत स्टल रहने छन् ।

यसपटक उपत्यका बाहिरका नर्सरी व्यवसायीको समेत सहभागिता र स्टल रहने हुनाले देशैभरका उत्पादनका बारेमा जानकारी लिन सजिलो हुने नर्सरी व्यवसायी सङ्घका अध्यक्ष रामजीप्रसाद तिमिल्सिनाले बताउनुभयो । अध्यक्ष तिमिल्सिनाका अनुसार एक्स्पोमा कम्तीमा ५१ हजार अवलोकनकर्ताले अवलोकन गर्ने साथै रु एक करोड २५ लाखभन्दा बढीको आर्थिक कारोबार हुने अपेक्षा सङ्घको रहेको छ ।

मेलामा ७४ व्यावसायिक स्टल, तीन फुड स्टल, सात अफिसियल स्टल तथा प्रतिस्पर्धाका पाँच वटा स्टल रहने जनाइएको छ । मेला अवलोकन गर्न सर्वसाधारणका लागि प्रवेश शुल्क प्रतिव्यक्ति रु १०० र विद्यार्थी तथा ज्येष्ठ नागरिकका लागि प्रतिव्यक्ति रु ५० रहेको छ ।

नर्सरी व्यवसायीको क्षमता विकासका लागि स्वस्थ प्रतिस्पर्धा गराई व्यवसायीको हौसला बढाउन शिल्ड, नगद तथा प्रमाणपत्रद्वारा पुरस्कृत गरिने छ । प्रतिस्पर्धाको मूल्याङ्कन गर्न कृषि बागवानी विज्ञ, वनस्पतिविज्ञ, साथै माटो तथा पर्यावरणविज्ञसहितको संलग्नतामा तीन सदस्यीय मूल्याङ्कन समिति गठन गरी 'दीर्घकालीन क्रियाशील नर्सरी व्यवसायी सम्मान' र 'वर्षको विशेष उत्पादनमुखी नर्सरी व्यवसायी सम्मान'द्वारा एक व्यवसायीलाई सम्मान गरिने नर्सरी व्यवसायी सङ्घले जनाएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

# नेपालमा देखिएका समस्याहरुको एकमुष्ट उत्तर हो सुशासनको प्रत्याभूति

## सम्पादकीय

### भ्रष्टाचारले नागरिकमा आक्रोश

नेकपा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले देशमा राजा फेरि नफर्किने दाबी गरे । गणतन्त्रलाई कुनै खतरा नरहेको समेत उनले बताए । उपयुक्त समयमा संविधान संशोधन गरिने उनको कथन थियो । जनतालाई सेवा गर्न र भ्रष्टाचार नगर्न उनले निर्देशन दिए । यी सबै अर्ति प्रधानमन्त्री ओलीले मधेश प्रदेश सभामा दिइरहँदा योजना बेचेर कुख्यात बनेका उनकै पार्टीका मन्त्री सरोज कुमार यादव, प्रमोद जयसवाललगायतका मन्त्री र सांसदहरु उपस्थित थिए । ओली सरकारको कार्यकालमा भ्रष्टाचार निकै बढेको देखिएको छ । प्रधानमन्त्री ओलीले जति दाबी गरे पनि उनकै पार्टीका संघीयदेखि प्रदेश सम्मका मन्त्रीहरुले भ्रष्टाचारको सबै सीमा पार गरेका छन् । भ्रष्टाचारको यस्तो घृणित अवस्था कहिलै देखिएको थिएन । उनले भनेको गणतन्त्रलाई खतरा र राजा फर्किने सम्भावना नरहेको असत्य नभए पनि त्यसमा ग्रहण लगाउने काम सरकारबाट नै भइरहेको छ । चरम भ्रष्टाचारको कारण नेपाली नागरिक आक्रोशित भएका छन् । राजा ल्याउन नेपाली नागरिकको चाहना नभए पनि भ्रष्टाचार, कुशासनले विरक्तिएका नेपालीले गणतान्त्रिक व्यवस्थालाई धक्का दिए आश्चर्यको विषय हुने छैन । नेपाली नागरिकले अपेक्षा गरे अनुसार देशको शासन व्यवस्था चलिरहेको छैन । सरकारले कुख्यात भ्रष्टाचारीहरुलाई प्रोत्साहन र संरक्षण दिइरहेको छ । भ्रष्टाचारलाई सरकारले मलजल गरेसम्म गणतान्त्रिक व्यवस्था सुदृढ हुन सक्दैन । जनतालाई व्यवस्था भन्दा पनि सुशासन चाहिएको छ । भ्रष्टाचार मुक्त शासन चाहिएको छ । प्रधानमन्त्री ओलीले विगतमा पनि उपयुक्त समयमा संविधान संशोधन गरिने बताएका थिए । संविधान पुनर्लेखनको विषय उठन थाले पनि संविधान संशोधनका लागि उपयुक्त समय नभएको बुझाइले अनपेक्षित परिवर्तन ल्याउन सक्ने जोखिम बढिरहेको छ । उनले संविधान संशोधनका लागि समिति बनाउने संकेत पनि गरे । तर त्यो कहिले बन्ने र त्यसको माइण्डेड के हुने भने विषयमा प्रधानमन्त्री खुल्न चाहेनन् । संविधान संशोधन गरी मधेशी, आदीवासी, जनजातिको अधिकार सुनिश्चित गर्न लामो समयदेखि माग उठ्दै आएको छ । संविधान अनुसारको सुविधा लिने र बाहिर विरोध गर्ने प्रधानमन्त्रीको जवाफ सटिक थियो । उनले मधेश केन्द्रित नेताहरु तर्फ संकेत गर्दै दोहरो चरित्र नराख्न भने । उनले भनेको गलत होइन । संविधान नमान्ने र त्यसै अनुसारको लाभ लिने काम गर्न हुँदैन । मधेशी नेताहरुको यस्तै क्रियाकलापले मधेशको मुद्दा कमजोर भएको हो । मधेशका नेताहरुले कुर्सीको मोह नत्यागे सम्म मधेशको मुद्दा सम्बोधन हुन सक्दैन । मधेशी दलहरुले चुनावलाई कुर्सीमा बस्ने रुपमा मात्र लिएका छन् । त्यसले मधेशका नेताहरुप्रति पनि आक्रोश बढेको छ । आक्रोशितहरुको संख्या बढेकै कारण देशमा गणतन्त्रमाथि खतरा देखिएको छ ।



हरिविनोद अधिकारी

राजनीतिक वृत्त र आमजनमानसमा अहिले एउटा प्रश्न उठिरहेको छ, प्रतिनिधिसभामा झण्डै दुई तिहाइ सङ्ख्या ओगट्ने देशका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको शक्तिशाली सरकारले पनि तत्काल देखिएका राजनीतिक समस्याको समाधान गर्न सकेन भने अरु कसले, कसरी गर्न सक्छ होला ? देशकासामु तेर्सिएका जल्दाबल्दा समस्या टाढैबाट देखेर पनि होला, संसद्का दुई ठूला दल मिलेर संयुक्त सरकार बनाउने अठोट गरेका हुन् ।

इतिहास साक्षी छ, २०१७ साल पुस १ गते राजा महेन्द्रबाट हठात् अपहृत प्रजातन्त्रको पुनःस्थापना गर्न, प्रजातान्त्रिक व्यवस्थाका लागि लामो सङ्घर्षपछि मुलुकमा २०४६ साल चैत २६ गते प्रजातान्त्रिक-बाम एकताको जगमा प्रजातन्त्र पुनःस्थापना भएको थियो । विसं २०५२ देखि सुरु भएको १० वर्षे सशस्त्र युद्धपछि राष्ट्रिय सहमतिका आधारमा २०६३ साल वैशाख ११ गते फेरि समावेशी लोकतन्त्रका लागि विघटित प्रतिनिधिसभाको पुनःस्थापना भएको थियो र संविधानसभाको पहिलो ऐतिहासिक बैठकबाट विसं २०६५ जेठ १५ गते मुलुकमा गणतन्त्र स्थापना भएको थियो । तत्कालीन महाराजले पनि आफूलाई जनताको नासो बुझाउन पाएको भन्दै गणतन्त्रलाई आत्मसात् गरिएको थियो । त्यतिमात्र होइन, विभिन्न दलका नेताहरुले पनि मुलुकमा प्रजातान्त्रिक व्यवस्था अपनाउने र त्यस्तो व्यवस्था संसदीय प्रजातन्त्रका रुपमा लोकतान्त्रिक व्यवस्थालाई अग्रगामी राजनीतिका रुपमा स्वीकार गर्दै पहिलेका गल्तीहरु फेरि नदोहोऱ्याइ, मुलुकलाई सुशासन दिने वाचा गरेका थिए र मात्र नेपाली जनताले राजतन्त्रको अन्त्य गर्नसमेत दलहरुलाई साथ दिएका थिए ।

मुलुक अहिले विभिन्न कारणले तरङ्गीत छ । चाहे पूर्वमहाराजले आफूलाई सत्ताको साँचो चाहिने छनक देखाएर होस् या सरकारविरुद्ध विपक्षीहरुको मोर्चाबन्दीका कारणले होस् या मुलुकभित्र देखिएको राजनीतिक ध्रुवीकरणका कारणले होस्, मुलुक अस्थिरताको भुमरीमा फस्न लागेको देखिन्छ । राजतन्त्रका पक्षमा जुलुस निस्कँदैमा आजको प्रजातान्त्रिक व्यवस्थाले डराउनुपर्ने त छैन तर त्यो प्रतीकात्मक रुपमा मुलुकको राजनीतिक दूरावस्था बदल्नेभन्दा पनि अनेक सङ्घर्षले प्राप्त गरेको लोकतान्त्रिक व्यवस्था नै बदल्ने गरी षड् यन्त्र हुन लागेको कुरा पनि जग जाहेर हुँदैछ । त्यस्तै देखिँदैछ ।

यसो हुनुमा दोष कसको मानिन्छ त ? स्पष्ट उत्तर आउन सक्छ, जो सत्तामा छ, उसैले त्यसको उचित व्यवस्थापन गर्नुपर्छ । संसारमा सबैभन्दा राम्रो शासन व्यवस्था मानिएको संसदीय लोकतान्त्रिक व्यवस्थाका विरुद्धमा कुनै न कुनै कारण देखाएर जनता सडकमा आउँछन् भने त्यसमा सत्ताको बागडोर सम्हाल्नेको कतै न कतै कमजोरी भएर नै त्यही कमजोरीमाथि टेक्ने अवसर पाएको छर्लङ्ग देखिँदैछ । त्यसको मूल कारण हुनुपर्छ मुलुकमा सुशासनको कमी ।

सुशासनका कुरा गर्दा मुलुक भ्रष्टाचारको दलदलमा फसेको देखिँदैछ । ठूला दलहरुले त्यसको बचाउ गर्न भरमग्दुर प्रयत्न गरे पनि जनता त्यसलाई पत्याइहाल्ने पक्षमा छैनन् । त्यसका आधार भनेको प्रत्येक वर्ष महालेखा परीक्षकको प्रतिवेदनमा देखिने अर्बौंका बेरुजुहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरु, ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार सूची आदि प्रमाणका रुपमा लिन सकिन्छ । सुशासनको कमी छ भनेर तत्कालीन रुपमा जोजो सत्तामा हुन्छन्, सत्तामा बस्नेहरुले त्यसको आभास पाउँदैनन् तर सत्ताबाट विपक्षमा आउने बित्तिकै त्यसको आभास दलहरुलाई कसरी हुन्छ ?

आमजनताले आफ्ना जरुरी सेवामा पाएको दुःखलाई केलाएर हेर्दा उनीहरुको सेवा प्रदानमा तीन तहकै सरकार जनताको सेवा तदारुकताका साथ उपलब्ध गराउन असफल भएको छ भन्ने कुरा सरकारकै अनुगमनले देखाउँछन् । त्यसो हो भने त्यसका लागि एउटै सूत्र हो, मुलुकमा सुशासन आवश्यक छ । सर्वत्र सुशासनको आवश्यकता महसुस गरिएको छ । यदि अहिलेको दुई तिहाइको सरकारले पनि देखिएका राजनीतिक समस्याको समाधान सहज तरिकाले दिन सकेन भने मुलुक झन झन राजनीतिक अस्थिरतातर्फ डोरिने छ र त्यो राजनीतिक वृत्तमा घातक सिद्द हुनेछ । यति धेरै राजनीतिक अनुभवले खारिएका नेतृत्वहरुबाट पनि राजनीतिक वृत्तमा देखिएका समस्याहरुको उचित र सकारात्मक समाधान भएन भने राजनीतिक अस्थिरताको कसले स्थिरतामा बदल्न सक्ला र ?

तर राजनीतिक बहसले विषयान्तर गर्न थालेको छ । कसरी सुशासन दिने र लिने भन्नेमा बहस हुनुपर्नेमा, कसरी मुलुकमा अमनचयन कायम गर्नुपर्ने हो भन्ने विषयमा सकारात्मक बहस हुनुपर्नेमा अनपेक्षित रुपमा प्रजातान्त्रिक व्यवस्थाविरुद्धमा आवाज उठ्नु राम्रो सङ्केत होइन । केही अप्रजातान्त्रिक तत्वहरु षड् यन्त्रात्मक तरिकाले प्रजातन्त्रविरुद्धमा नै आवाज उठाउन थालेका देखिन्छन् । जनतालाई सुशासन नभएकैले होला, व्यवस्था नै बदल्ने कुरामा जनतालाई भड्काउन थालेको पाइन्छ । त्यसो त २००७ सालमा सशस्त्र क्रान्ति गरेर राणा शासनको अन्त्य गरेपछि प्राप्त प्रजातन्त्रकाविरुद्धमा तत्कालैजस्तो षड्यन्त्र भएको थियो भन्ने कुरा हामी इतिहासका पानामा पाउँछौँ र प्रजातन्त्रका पक्षमा जनताले बारम्बार आन्दोलन, सङ्घर्ष गर्नुपरेको पनि छ ।

सडकमा राजतन्त्रको माग गरेर जुलुस, भाषण र गणतन्त्रका विरोध हुँदैमा राजतन्त्रको फिर्ती होला या नहोला, तर त्यसले अनावश्यक बहसको रुप लिएको छ । राजतन्त्र त २०६५ सालमा नै गयो । पहिलो संविधानसभाको पहिलो बैठकले नै गणतन्त्र घोषणा गरेको हो र तत्कालीन महाराजले पनि त्यसलाई स्वीकार गरी पत्रकार सम्मेलन गरी नारायणहिटीबाट आफ्नो बास नागार्जुनमा सार्नु भएको थियो । झन नयाँ संविधान, नेपालको संविधानले त्यसको वैधानिकता दिएको हो । त्यसैले होला, राजतन्त्रको अनुपस्थितिलाई नै गणतन्त्र भनिएको हो ।




अहिले नेपाली जनता गणतन्त्रका पक्ष वा विपक्षमाभन्दा पनि शासन व्यवस्थामा देखिएका कमीलाई असन्तुष्टि देखाएका चाहिँ पक्कै हो । दलहरुले मुलुक चलाउने भएकाले नै आजको शासन व्यवस्थालाई बहुदलीय व्यवस्था भनिएको हो जसलाई लोकतन्त्र या प्रजातन्त्रको पृष्ठपोषणका रुपमा लिइन्छ ।

मुलुक राजतन्त्र या गणतन्त्रका पक्ष या विपक्षमा गएर कमजोर मुलुकलाई अझ कमजोर बनाएर लुछाचुँडी गर्नुभन्दा प्रजातन्त्रको उच्चस्वरुपमा शासनलाई सुशासनमुखी बनाउनुपर्छ ।

मुलुक अहिले राजतन्त्रका पक्ष या विपक्षमा जानेबेला होइन, मुलुकले सहज तरिकाले गणतन्त्रात्मक प्रजातन्त्रको बाटो समाएको छ, त्यसैमा सबैको सहभागिता हुनुपर्छ । बहुमतको शासन हुन्छ, अल्पमतको विचारलाई कदर गर्नुपर्छ । मुलुकमा राजनीतिक ध्रुवीकरणले सकारात्मक स्वरुप लिँदासम्म त्यो मुलुकले सहन सक्छ, अन्यथा मुलुकको अस्मितामाथि धावा बोलेको जस्तो हुन जान्छ । त्यसैले आजको बेला भनेको राजतन्त्र या गणतन्त्रको रोजाइको बेला पक्कै होइन ।

प्रजातन्त्रका केही आधारभूत तत्वहरु हुन्छन्, मान्यताहरु हुन्छन्–आवधिक निर्वाचनबाट संसद् को गठन हुन्छ जसले सरकारको नेतृत्व निर्धारण गर्छ । शक्ति पृथकीकरणका आधारमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन गरिएको हुन्छ जसले अन्तरनिर्भरताका आधारमा प्रजातान्त्रिक शासन व्यवस्थालाई अगाडि बढाइरहेको पाइन्छ । अझ सरकारका कामलाई चुस्तदुरुस्त पार्न सरकारले आफ्ना लागि सहयोग र नियन्त्रणका लागि अनेक संयन्त्र बनाएर जनताका सेवाहरु उपलब्ध गराई तिनको अनुगमनसमेत स्वतन्त्र रुपमा गराएको हुन्छ । संविधान प्रदत्त नागरिक अधिकारको उपभोग भएको छ कि भनेर, नागरिकले सामाजिक रुपमा, व्यक्तिगत रुपमा मानव अधिकारको उपयोग गरेका छन् कि छैनन् भनेर मानव अधिकारको अवस्था कस्तो छ बुझ्नका लागि विश्वव्यापी मानव अधिकारको सिद्धान्तका आधारमा त्यस्ता स्वतन्त्र आयोगको व्यवस्था गरेको पाइन्छ ।

हामीले विभिन्न कालखण्डमा सक्रिय राजतन्त्रको अवस्था भोगिसकेका छौँ । संवैधानिक राजतन्त्रको पनि अवस्था भोगिसकेका छौँ । नेपालको राजतन्त्रले मौका पाउनेबित्तिकै नागरिक अधिकार हरुका विरुद्धमा आफ्ना कुत्सित उद्देश्यहरु नेपाली जनतामाथि लाद्ने गरेको पाएका थियौँ । सायद त्यही भएर होला, नेपालबाट राजतन्त्र हटेको हो र त्यसका विकल्पमा सामूहिक राज्यप्रणालीका लागि आवधिक निर्वाचनमार्फत् शासन चलाउने प्रक्रियाले स्थायित्व पाउन थालेको हो ।

प्रजातान्त्रिक प्रक्रियाअनुसार प्रतिनिधिसभामा बहुमत पुऱ्याउने दलले या दलहरुले समर्थन गरेको व्यक्तिले सरकार बनाउन पाउँछ र संविधानअनुसार उसको अवधि तोकिएको हुन्छ । सबै नागरिक समान हुन्, कुनै कारणले पनि विभेद नगर्ने नीति नै प्रजातन्त्रको मुख्य विशेषता हो र सामाजिक न्यायको प्रत्याभूति पाउने व्यवस्था नै प्रजातान्त्रिक व्यवस्था हो । त्यसैले प्रजातन्त्र भनेको सामाजिक न्याय हो, सामाजिक न्यायबिना प्रजातन्त्र सम्भव छैन भनिएको हो ।

संसदीय प्रजातन्त्रमा जनताका समस्याहरुको छलफल गर्ने र तिनको समाधान गर्ने थलो भनेको संसद् हो । आवश्यकतापर्नेबित्तिकै संसद्मा प्रतिनिधित्व गर्ने दलहरु र संसद् बाहिर रहेका दलहरुसँग पनि राष्ट्रिय सहमतिका आधारमा शासन पद्धतिमा परिवर्तन गर्न पनि सकिन्छ, संविधानले दिएको सीमाभित्र संविधान संशोधन गरेर पनि समस्या समाधान गर्न सकिन्छ । अहिले निर्वाचन प्रक्रिया, दलहरुको आन्तरिक प्रजातन्त्र र दलहरुका शासन गर्ने तरिकामा देखिएका केही असन्तुष्टिहरु छन् भने तिनको निराकरण पनि संसद्भित्रैबाट गर्नुपर्छ । जनताका प्रतिनिधिहरुले पनि सडकमा सुधार खोजेरमात्र हुँदैन र सरकारले पनि समाधान सडकमा दिन सक्दैन । आपसमा समन्वयात्मक अवस्था सृजना गरी मुलुकको आर्थिक अवस्थाले भ्याएसम्म सामाजिक न्यायको प्रत्याभूति, नयाँनयाँ रोजगारीको सृजना गर्न सक्नुपर्छ । सबैको प्रयास त्यतातर्फ जानुपर्छ । प्रजातान्त्रिक व्यवस्था र जनताका अधिकार खोसिने कुरामा कसैले पनि न त सहमति गर्नुहुन्छ, न त त्यस्ता मागहरुको सम्बोधन गर्ने निहुँमा प्रजातन्त्रप्रति कुठाराघात गर्नुहुन्छ । त्यसैले अहिलेको सरकारले समस्याहरु छन् भने समयमै समधान गर्नु नै मनासिब हुनेछ । (लेखक श्री हरिविनोद अधिकारी प्राध्यापन र सूचनाको हकका अभियन्ताका साथै पत्रकारिता क्षेत्रका अध्येता हुनुहुन्छ)रासस

## वर्ष २०८१ का अकल्पनीय विपद्:

# जलवायुजन्य सङ्कट गहिरिँदै

प्रगति ढकाल

गत असार २८ गते नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत सिमलतालको सिन्दुरे खोल्सीमा आएको लेदोसहितको पहिरो (डेब्रिज)का कारण सडकमा गुडिरहेका दुईवटा यात्रुबाहक बस बगाएको अप्रिय घटना अझै नेपालीहरूको मनमस्तिष्कमा नमिठो सम्झना बनिरहेको छ ।

गृह मन्त्रालयको सिमलताल बस दुर्घटना अध्ययन प्रतिवेदनअनुसार काठमाडौँबाट रौतहटको गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स लेखिएको यात्रुबाहक बसमा ३६ जना र वीरगन्जबाट काठमाडौँ गइरहेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एनल डिलक्स लेखिएको यात्रुबाहक बसमा २६ जना गरी यात्रुसङ्ख्या ६२ जना रहेका थिए ।

जसमध्ये गणपति डिलक्सका तीन जना यात्रु नन्दन दास, जुगेश्वर राय यादव र सरोजकुमार गुप्ता हामफालेर बाँचेका थिए भने बाँकी ५९ जना यात्रु बेपत्ता भएका थिए ।

पहिरोले बगाउँदा बसहरू त्रिशूली नदीमा खसेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार भीषण वर्षाका कारण सडकमाथिबाट खसेको पहिराले दुवै बसलाई धकेल्दै नदीमा खसालिदिएको थियो । प्रतिवेदनअनुसार २४ शव फेला पारिए पनि ३५ जना बेपत्ता भएका थिए ।

अर्को घटना, गत साउन ३२ गते दिउँसो साढे १ बजेतिरको हो । सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहितको बाढी आयो । हेर्दाहेर्दै क्षणभरको बाढीले थामे बजार बगरमा परिणत भयो । कहिल्यै कल्पना नगरेको यो घटना सपनाझैँ लागिरहेको छ अहिले पनि खुम्बु पासाङल्हामु गाउँपालिकाकी उपाध्यक्ष टासी ल्हामु शेर्पालाई । "यो विपद्ले यहाँका बासिन्दालाई अझै तर्साइरहेको छ । फेरि पनि कुन दिन हिमपहिरोले ज्यान जोखिममा पर्ने हो चिन्तित छन् यहाँका बासिन्दा", उहाँ भन्नुहुन्छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार निरन्तर वर्षा र तापक्रम वृद्धिले सो क्षेत्रमा हिमपहिरो गएको हो वा अन्य कुनै कारणले भन्ने विषयमा गहिरो अध्ययन जरुरी छ ।

"प्रारम्भिक अध्ययनमा थामे खोला जलाधारको माथिल्लो तटीय क्षेत्रमा सानाठूला गरी छवटा हिमताल-हिमपोखरी रहेको देखिन्छ । उक्त क्षेत्रको नजिक रहेको फोर्से केन्द्रमा विगत सात दिनमा ६५ मिलिमिटर वर्षा मापन भएको छ । साउन २५ गतेदेखि दैनिक औसत तापक्रममा क्रमिक वृद्धि भएको (९.७ बाट ११.० डिग्री सेल्सियस) देखिन्छ र साउन ३१ (अगस्ट १५) गतेको अधिकतम तापक्रम १५.९ डिग्री सेल्सियस पुगेको देखिन्छ", विभागको भनाइ छ ।

तेस्रो घटना, असोज १०, ११ र १२ गतेका भारी वर्षाले काठमाडौँ उपत्यका र आसपासका क्षेत्रमा धनजनको व्यापक क्षति गरेको थियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार तीन दिनको अवधिमा दुई सय ५० जनाले ज्यान गुमाए भने १८ जना अझै बेपत्ता छन् । एक सय ७८ जना घाइते भएका थिए । झन्डै छ हजार निजी आवासमा क्षति पुगेको प्राधिकरणको तथ्याङ्क छ ।

उपत्यकाका नदी आसापासका करिडोरहरू अझै धुलाम्मे छन्, कुरुप छन् अझै । सहरी विकास मन्त्रालयका अनुसार बाढीपहिरोजस्ता प्राकृतिक विपद्का कारण सहरी विकास मन्त्रालयअन्तर्गत क्षतिग्रस्त पूर्वाधारका संरचना बनाउन करिब रु दुई अर्ब ८८ करोड ३४ लाख लागत लाग्ने गरिएको छ । स्थानीय पूर्वाधार विभागअन्तर्गत २७ वटा सडकखण्ड र २८ ओटा झोलुङ्गे पुलमा आंशिक रुपमा क्षति र ३२ वटा झोलुङ्गे पुलमा पूर्ण रूपमा क्षति पुगेको छ ।

मन्त्रालयमा अनुसार अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिअन्तर्गत बागमती, मनोहरा, धोबीखोला, विष्णुमती, नख्खु, हनुमन्ते, कर्मनासा नदीहरूमा थुपारेको माटो तथा गेग्रान निकाल्ने कार्यका लागि रु १२ करोड ८१ लाख खर्च हुनेछ ।

नदी किनारामा निर्माण गरिएका क्षतिग्रस्त तटबन्ध, पर्खाल र बाटोलगायतका अन्य संरचना पुनः बनाउनका लागि रु ७० करोड खर्च हुने अनुमान गरिएको मन्त्रालयको भनाइ छ ।

विसं २०८१ लाई फर्केर हेर्दा थामेको पहिरोले बस्ती नै विस्थापित हुने अवस्था आउनु, गत असोजमा बाढीका कारण काठमाडौँ उपत्यकाका अधिकांश क्षेत्र डुबानमा पर्नु, भौतिक पूर्वाधारहरूको क्षति, आकस्मिक र रेकर्ड तोड्ने वर्षा नै यस वर्षको जलवायुजन्य दुःखद् घटना भएको बताउनुहुन्छ, वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा महेश्वर ढकाल ।

"यी घटनाले आगामी दिनमा जलवायु अनुकूलनका कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने, पूर्वसूचना र पूर्वतयारी व्यापक रूपमा अगाडि बढाउनुपर्ने पाठसमेत सिकाएको छ", उहाँ भन्नुहुन्छ, "योसँगै प्रदेश र स्थानीय तहलाई पनि अब जलवायुजन्य विपद् व्यवस्थापनका लागि बलियो बनाएर अगाडि बढ्नुपर्ने रहेछ भन्ने सिकायो ।"

### रेकर्ड तोड्ने वर्षा

यस वर्ष नै सुदूरपश्चिमको दक्षिण-पश्चिमी भू-भागमा पर्ने दोधारा, हनुमाननगर र सुन्दरपुरमा नेपालमा हालसम्म मापन गरिएको सर्वाधिक वर्षा भयो । जल तथा मौसम विज्ञान विभागको विसं २००३ (सन् १९४७) देखिको उपलब्ध तथ्याङ्कअनुसार यी स्थानमा सर्वाधिक वर्षा मापन भएको थियो । असार २४ बिहान वर्षा मापन गर्दा २४ घण्टाको अवधिमा कञ्चनपुर जिल्लाको दोधारा केन्द्रमा ६२४.० मिमी, हनुमाननगर वर्षा केन्द्रमा ५७३.६ मिमी र सुन्दरपुर केन्द्रमा ५५५.८ मिमी वर्षा भएको मापन गरेका थिए ।

उक्त दिन मनसुन न्यून चापीय रेखा सरदर स्थानमा रहेको भएता पनि सुदूरपश्चिम प्रदेशका दक्षिण-पश्चिमी भू-भाग आसपासको तल्लो वायुमण्डलमा न्यून चापीय प्रणाली विकसित भएको तथा उपल्लो वायुमण्डलमा पनि पश्चिमी वायुको न्यून चापीय रेखा सक्रिय रही अरब सागर तथा बङ्गालको खाडी दुवैबाट आउने जलवास्पयुक्त हावा सो स्थानमा सम्मिश्रण भई अति भारी वर्षा भएको विभागको प्रारम्भिक विश्लेषणबाट देखिन्छ ।

### धनजनको क्षति

गत वैशाख १ गतेदेखि चैत १२ गतेसम्मको तथ्याङ्क हेर्दा पहिराको कारण ३५९ ले ज्यान गुमाए भने ४८ जना अझै पनि बेपत्ता र २८७ जना घाइते भएका छन् । सो अवधिमा तीन हजार ६९२ वटा घर आंशिक र दुई हजार १३ वटा घर पूर्ण रुपमा क्षति भएको छ । पहिराका कारण ४० वटा पुलमा क्षति पुगेको छ ।

यसैगरी बाढीका कारण ९७ जनाको मृत्यु भएको छ भने १८ जना बेपत्ता र ४८ जना घाइते भएका छन् । भारी वर्षाका कारण आठ जनाले ज्यान गुमएका छन् भने ३८ जना घाइते भएका छन् । हावाहुरीका कारण सात जनाको मत्यु र ४२ जना घाइते भएका छन् । हिउँपहिराका कारण एक जना बेपत्ता भएका छन् ।

जलवायुविद् डा पपुलर जेन्टल भुसालले पनि बाढीपहिराका कारण भएको अकल्पनीय क्षति, हिउँदमा कम वर्षा, हिउँ कम पर्नु, हिमताल विस्फोट हुनुजस्ता यस वर्षका प्राकृतिक प्रकोपले सबैलाई चिन्तित बनाएको बताउनुभयो । "पूर्वसूचना दिँदादिँदै पनि यस वर्ष धनजनको क्षति बढी भयो, यो चिन्ताजनक छ", उहाँले भन्नुभयो ।

### अकल्पनीय विपद्ले सिकाएको पाठ

ललितपुरमा महानगरपालिका वडा नं २५ बस्ने सीता थापामगरलाई नख्खु खोलामा बाढी आउँछ र आफू बस्दै आएको टहरा रातारात बगाउला भन्ने लागेकै थिएन । यस वर्ष नख्खु र हनुमन्ते खोलामा आएको बाढीले कयौँको उठिबास भयो । गत असोजमा आएको त्यस बिनासकारी बाढीले उहाँलाई तर्साइरहेको छ । "२०औँ वर्ष भइसक्यो यही ठाउँमा बसोबास गर्दै आइरहेका छौँ । तर यस्तो बाढी आउला भनेर कल्पना पनि गरेका थिएनौँ", उहाँ भन्नुहुन्छ, "त्यो अत्यासलाग्दो बाढीले तर्सारहेको छ । सम्झनै मन लाग्दैन ।"

यो घटनापछि नदी आसपासमा बसोबास गर्न नहुने पाठ सिकाएको बताउनुहुन्छ, विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेती । "नेपालका अधिकांश बस्तीहरू नदी किनारा नजिकै छन् । उपत्यकाको नदी आसपासमा टहरा बनाएर बस्ने पनि थुप्रै छन्", उहाँले भन्नुभयो, "उपत्यकामा पनि बाढीको जोखिम हुँदोरहेछ । अब नदी किनारामा बस्नुहुन्न र विपद्मैत्री संरचना बनाउनुपर्छ भन्ने पाठ सिकाएको छ ।"

जल तथा मौसम विज्ञान विभागका बाढीविज्ञ विनोद पराजुलीले २०८१ सालमा बाढीका आठवटा ठूला घटना भएको जानकारी गराउनुभएको छ । "यसै वर्ष धेरै पछि नख्खु खोलामा ठूलो बाढी गएको पाइयो । जहाँ २०३८ सालमा यस्तै ठूलो बाढी आएको हाम्रो अध्ययनले देखाएको छ । त्यतिबेला खोला नजिक बस्ती थिएन । त्यसैले मानवीय क्षति हुन पाएन । यसपटक भने किनारसम्मै बस्ती भएकाले क्षति बढी भयो", उहाँले भन्नुभयो, "नख्खु र काभ्रेको रोशी नदीमा बाढी पूर्वानुमानसम्बन्धी प्रणाली जडान भए पनि बाढीले ती यन्त्र बगाएर काम भएन । अबचाहिँ बाढीबाट सुरक्षित स्थानमा यस्ता प्रणाली राख्नुपर्छ भन्ने पाठ सिकाएको छ ।"

भू-गर्भविद् डा सुबोध ढकालले पुराना पहिरो फेरि दोहोरिन थालेको र यसले पुराना पहिरो भएको स्थानमा बस्ती बस्न नहुने पाठ सिकाएको बताउनुभयो । "सिमलताल र धादिङको झ्याप्ले खोलामा यस वर्ष पहिरो जाँदा धेरैले ज्यान गुमाए । त्यहाँ पहिला पनि पहिरो गएको थियो", उहाँले भन्नुभयो, "तसर्थ पुराना पहिरोमा भएका बस्तीहरू जोखिममा छन् र यी बस्तीलाई सुरक्षित स्थानमा सार्ने रणनीति राज्यले लिनुपर्छ ।"

अध्ययन भन्छः जलवायुजन्य सङ्कटले पिरोलिरहेको छ

जर्मन वाचले गरेको जलवायु जोखिम सूचकाङ्कका अनुसार विश्वमा जलवायुजन्य सङ्कटले पिरोलिरहेको छ । सन् १९९३-२०२२ अवधिमा डोमिनिका, चीन र होन्डुरस प्रतिकूल मौसमी घटनाका प्रभावबाट सबैभन्दा बढी प्रभावित भएका देशहरू थिए ।

# पाणिनिको तपोभूमिलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड



लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्राचीन ज्ञानको संरक्षण र लुम्बिनी प्रदेशको पर्यटन विकासलाई अघि बढाउनुपर्नेमा जोड दिनुभएको छ।

मुख्यमन्त्री आचार्यले बुधबारदेखि सुरु भएको पाणिनि तपोभूमि सम्मेलनको उद्घाटन गर्दै महर्षि पाणिनि र पतञ्जलीको योगदानलाई सम्मान गर्दै उहाँहरूको तपोभूमिको गौरवलाई विश्वसामु उजागर गर्नु यस सम्मेलनको प्रमुख उद्देश्य भएको स्पष्ट पार्नुभयो । सम्मेलनको आज प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको छ।

"पाणिनिको तपोभूमिलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न उत्खनन्, संरक्षण र अन्तरराष्ट्रिय प्रचारमा प्रदेश सरकारले विशेष जोड दिएको छ", मुख्यमन्त्री आचार्यले भन्नुभयो, "यी प्रयासले रोजगारी सिर्जना, आर्थिक समृद्धि र सांस्कृतिक जागरणको आधार तयार गर्नेछन्।"

उहाँले समुद्र सतहदेखि छ हजार सात सय ७३ फिट उचाइमा अवस्थित पाणिनि क्षेत्रलाई महर्षि पाणिनिको तपोभूमिका रुपमा उल्लेख गर्दै यस क्षेत्रको ऐतिहासिक, धार्मिक र प्राज्ञिक महत्वबारे प्रकाश पार्नुभयो । उहाँले लुम्बिनी प्रदेशलाई प्राचीन सभ्यता, संस्कृति र ज्ञानको सङ्गमस्थलको रुपमा चित्रण गर्दै यहाँका पर्यटकीय गन्तव्यलाई समेटेर पर्यटन प्रवर्द्धनमा सरकार अघि बढेको जानकारी दिनुभयो।

सम्मेलनमा प्राज्ञिक क्षेत्रका प्रतिनिधि, अनुसन्धानकर्ता र सहभागी छन् । मुख्यमन्त्री आचार्यले पाणिनि र पतञ्जलीको योगदानलाई विश्वव्यापी सम्मान दिलाउन संयुक्त प्रयास आवश्यक रहेको उल्लेख गर्नुभयो।

प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्ड विक्रम न्यौपानेले नेपालको आर्थिक समृद्धिको आधार पर्यटन क्षेत्रको योजनाबद्ध विकास गर्न प्रदेश सरकार र सङ्घीय सरकारबीच समन्वय र सहकार्य जरुरी रहेको बताउनुभयो।उहाँले पर्यटन क्षेत्रको विकास र मुलुकको आर्थिक समृद्धिका लागि छिमेकी देश चीन र भारतबाट पर्यटक भित्र्याउने गरी योजना बनाउनुपर्नेमा जोड दिनुभयो।रासस

# पाणिनिको जन्मभूमि अर्घाखाँची ज्ञान, ध्यान र देवभूमि हो: प्रधानमन्त्री ओली

अर्घाखाँची । प्रधानमन्त्री केपी शर्मा ओलीले महर्षि पाणिनिको जन्मभूमि अर्घाखाँची ज्ञान, ध्यान र देवभूमि भएको बताउनुभएको छ।

प्रधानमन्त्री ओलीले अर्घाखाँचीमा आयोजित 'पाणिनी तपोभूमि सम्मेलन'को उद्घाटन गर्दै पाणिनिको जन्मस्थल अर्घाखाँची विश्वव्यापी रुपमा ज्ञानको सुरुआत भएको पुण्यभूमि रहेको बताउनुभयो।

"विश्वव्यापी रुपमा स्थापित व्याकरणका पिता महर्षि पाणिनिको जन्मभूमि रहेको यो स्थान पवित्र छ, पुण्य छ, देवभूमि हो, यहाँबाटै ज्ञानको सुरुआत भएको हो । अरु सबै व्याकरणहरुमा पाणिनिको सूत्रलाई आधार मानिएको छ", प्रधानमन्त्रीले भन्नुभयो, "पाणिनिको व्याकरणपछि भाषा सरल बन्दै गयो, छन्दको सुरुआतसँगै सङ्गीत र लयको विकास भएको हो ।"



उहाँले पाणिनिको योगदान असाधारण रहेको चर्चा गर्दै अष्टाध्यायीमार्फत संस्कृत व्याकरणको तीन हजार नौ सय ५९ सूत्र निर्माण गरिएको र ती सूत्रहरू आजको आधुनिक प्रविधि, विशेषगरी कृत्रिम बौद्धिकता (एआई) विकासमा समेत प्रयोग भइरहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले पाणिनिले मात्र नभई शिव, ऋषि, पतञ्जलि, र अन्य महर्षिहरूको तप, साधना, योग, आयुर्वेद र ज्ञान साधनाको केन्द्र भएको यस भूमिको समुचित प्रचारप्रसार गरी धार्मिक तथा पर्यटकीयस्थलको रूपमा विकास गर्ने जिम्मा सरकारले लिने स्पष्ट पार्नुभयो।

प्रधानमन्त्री ओलीले आजभन्दा करिब २५ सय वर्ष पहिले पाणिनि ऋषिले तपस्या गरेर संस्कृत व्याकरणको रचना गरेको यस पुण्यभूमिको विकासमा नेपाल सरकारले प्राथमिकताका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै त्यसैक्रममा सम्मेलन उद्घाटन गर्न आएको स्पष्ट गर्नुभयो।

दुईदिने सो सम्मेलनमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवाली, नेपाली कांग्रेसका नेता डा चन्द्र भण्डारी र पुष्पा भुसाल तथा लुम्बिनी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री प्रचण्डविक्रम न्यौपाने, धर्म गुरु तथा संस्कृत भाषाका विद्वान् ज्ञानानन्द सरस्वतीलगायत भाषाविद्हरुको उपस्थिति रहेको छ।

लुम्बिनी प्रदेश सरकारको उद्योग पर्यटन तथा यातायात मन्त्रालय, पर्यटन विकास परिषद्, पाणिनि गाउँपालिका र पाल्पाको रैनादेवी छहरा गाउँपालिकाको संयुक्त आयोजनामा सम्मेलन भएको हो।

अर्घाखाँचीको पूर्वी सिमानामा रहेको पाणिनि क्षेत्रबाट उत्तरतर्फ हिमशृंखला, दक्षिणतर्फ तराईका फाँटसहित भारतीय भूमि गोरखपुरसम्म देख्न पाइन्छ।

गुराँसका रुखहरु तथा विभिन्न जडीबुटी पाइने यस क्षेत्र प्राकृतिक रुपमा सुन्दर देखिन्छ । पाल्पा जिल्लाको तीनधारेबाट केही मिनेट उकालो हिँडेपछि अर्घाखाँचीको पाणिनि क्षेत्र पुग्न सकिन्छ भने अहिले पक्की सडकबाटेको सुविधा समेत रहेको छ।रासस

# वित्त व्यवस्थापनमा लेखा व्यवसायीको भूमिका महत्वपूर्ण: अर्थमन्त्री पौडेल

काठमाण्डु । 'कर र सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरणमार्फत अर्थतन्त्रको रूपान्तरण' भन्ने नाराका साथ लेखा व्यवसायीको चौंथो राष्ट्रिय सम्मेलन काठमाडौँमा सुरु भएको छ।

कार्यक्रमको उद्घाटन उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गर्नुभएको थियो । नेपालको लेखा व्यवसायको इतिहासमा प्राप्त अनुभवको विश्लेषणबाट उपयुक्त निष्कर्ष निकाल्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

अर्थमन्त्री पौडेलले कर प्रणालीको आधुनिकिकरण, कर नीतिहरुमा सुधार, करको दायरा विस्तार र करछली दुरुत्साहन गर्न सरकारले गम्भीर भएर काम गरिरहेको बताउनुभयो । सार्वजनिक वित्त व्यवस्थापनको आधुनिकिकरण र सुधारको आवश्यकता रहेको औंल्याउँदै अर्थमन्त्री पौडेलले यसमा लेखा व्यवसायीहरुको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो।

"सुशासन, पारदर्शिता, स्रोतको अधिकतम र उच्चतम प्रयोगका निम्ति यस संस्था र संस्थामा आबद्ध हुनुभएका यहाँहरुप्रति राष्ट्रले ठूलो आशा गरेको छ", उहाँले भन्नुभयो "त्यो अपेक्षा पूरा गर्न यहाँहरुबाट अझ प्रभावकारी र संगठित प्रयास हुनेछ भन्ने विश्वास छ।"

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा शिवराज अधिकारीले अर्थतन्त्रको रुपान्तरणका लागि कर प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनको आधुनिकिरणलाई सम्मेलनले मुख्य औजारको रुपमा उठाएको हुँदा सरकारको योजना निर्माण र आर्थिक सुधारका लागि यो महत्वपूर्ण रहेको बताउनुभयो। नेपालको कर प्रणाली र सरकारको खर्च गर्ने तौरतरिका दुवैमा सुधारको आवश्यकता रहेको हुँदा सरकार र लेखा व्यवसायीहरु मिलेर यसमा काम गर्नुपर्ने अधिकारीको भनाइ थियो। "योजना आयोगले योजना बैंकको कुरा गरेको छ, रु तीन करोडभन्दा कमको आयोजनामा बजेट विनियोजन नगरौ भनेको छ", उहाँले भन्नुभयो, "यो सबै बजेट विनियोजनमा पारदर्शिता कायम गर्नका लागि हो।"

कार्यक्रम आयोजक आइक्यानका अध्यक्ष सिए प्रविनकुमार झाले सार्वजनिक वित्त व्यवस्थापन प्रणाली बलियो बनाउन र नेपालको कर प्रणाली सुधारका लागि सम्मेलनले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

सरकार आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणको तयारीमा लागेको हुँदा सम्मेलनबाट आउने निष्कर्षलाई अर्थ मन्त्रालयले समेट्नेमा पनि उहाँले विश्वास व्यक्त गर्नुभयो । कर प्रशासनको आधुनिकिकरण, प्रविधिको प्रयोग, तथ्याकंको विश्लेषण र अन्तरराष्ट्रिय अभ्यासको पालना गर्नु अहिलेको आवश्यकता रहेको भन्दै लेखा व्यवसायीले पनि यसमा अझै काम गर्न बाँकी रहेको उहाँको भनाइ थियो।

नेपाल अडिटर्स एशोसिएसन(अडान)का वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद भट्टराईले आर्थिक अनुशासन कायम गर्न पारदर्शी एवम् जवाफदेही कर प्रणालीको विकास एवम् नतिजामुखि सार्वजनिक वित्त व्यवस्थापनको स्थापना महत्वपुर्ण रहेको बताउनुभयो। रासस

# डेडिकेटेड र ट्रङ्कलाइनको बक्यौता उठाउन ऊर्जामन्त्रीको निर्देशन

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उद्योगहरुसँग 'डेडिकेटेड फिडर र ट्रङ्कलाइन'को बाँकी बक्यौता रकम यकीन गरेर तत्काल उठाउन निर्देशन दिनुभएको छ।

ऊर्जा मन्त्रालयमा बुधबार मन्त्रालयका सचिव सुरेश आचार्य, विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धिताल र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई बोलाएर बक्यौता उठाउन निर्देशन दिनुभएको हो।



विसं २०७३ माघदेखि २०७५ वैशाखसम्म विभिन्न उद्योगलाई ट्रङ्कलाइन र डेडिकेटेड लाइनमार्फत विद्युत् उपलब्ध गराइएको र सोको महसुलसम्बन्धी विवाद रहँदै आएको छ । ऊर्जामन्त्री खड्काले विद्युत् महसुल विवाद समाधान गर्न सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा गठित समितिले दिएको प्रतिवेदनका आधारमा बाँकी बक्यौता उठाउन निर्देशन दिनुभएको हो।आयोगको प्रतिवेदनमा ट्रङ्कलाइन र डेडिकेटेड लाइन प्रयोग गरेबापत टिओडी (टाइम अफ डे) मिटरसमेतका आधारमा अध्ययन गरी बक्यौता असुल गर्न सिफारिस गरेको थियो।

मन्त्रिपरिषद्को गत कात्तिक २७ को निर्णयानुसार टिओडी मिटरसमेतको तथ्याङ्क पुनःपरीक्षण भई आएमा विद्युत् बक्यौता तिर्न उद्योगीहरु सहमत भए पनि विद्युत् प्राधिकरणले उपलब्ध गराएको ट्रङ्कलाइन र डेडिकेटेड लाइन प्रयोग गरेबापतको टिओडीबाट हिसाब नगरेको महसुलमा उद्योगीले असहमति राख्दै आएका छन्।रासस

# युवा पलायन रोक्न विश्वविद्यालय शिक्षामा सुधार गर्नुपर्छ : शिशिर खनाल



*राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केन्द्रीय सदस्य शिशिर खनाल प्रतिनिधिसभाको सदस्य हुनुहुन्छ। पूर्व शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सांसद खनाल पार्टीको अन्तरराष्ट्रिय सम्बन्ध विभागको प्रमुखसमेत हुनुहुन्छ। उहाँ काठमाडौँ क्षेत्र नं ६ बाट १४ हजार २०४ मत ल्याएर निर्वाचित हुनुभएको हो। रास्वपामा आउनुभन्दा पहिला सांसद खनालले दूरदराजमा शिक्षाको स्तर उकास्न काम गरिरहेको 'टिच फर नेपाल' संस्थाको संस्थापकका रूपमा काम गर्दै आउनुभएको थियो। पैतालीस वर्षीय खनालले विभिन्न शैक्षिक आन्दोलनमा अग्रणी भूमिका खेल्दै आउनुभएको छ। उहाँले अमेरिकाको ब्रिजपोर्ट विश्वविद्यालयबाट राजनीतिक अर्थशास्त्रमा स्नातक र सामाजिक नीतिमा स्नातकोत्तर गर्नुभएको छ। सांसद खनालसँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्पादित अंश।*

**युवा पलायन रोक्न के गर्नुपर्ला ?**

झण्डै २५ वर्ष जति भयो, नेपालको युवा शक्ति विदेशिने क्रम सुरु भएको । यसलाई दुई ढङ्गले हेर्नुपर्छ। पहिलो गुणस्तरीय शिक्षाका निम्ति युवा शक्ति विदेश जाने गरेको देखिन्छ । यो सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ । सम्बन्धित मन्त्रालयको तथ्याङ्क हेर्ने होभने पछिल्लो दुई-तीन वर्षमा एक लाखभन्दा बढी विद्यार्थीले 'नोअपजेक्सन लेटर' (एनओसी) निकालेको देखिन्छ। ती विद्यार्थीको मुख्य गुनासो भनेको नेपालको उच्च शिक्षाको गुणस्तर राम्रो भएन भन्ने हो । शिक्षाको समयतालिका छैन। परीक्षा दिएको दुई-तीन वर्षसम्म पनि नतिजा आउँदैन । यो शिक्षाको गुणस्तरसँग जोडिएको विश्वविद्यालयको सुधारको विषय छ।

विश्वविद्यालयसँग जोडिएका सामान्य कुरा छन्। जस्तोः समयसीमा, क्यालेण्डर, परीक्षा र रिजल्टसँग जोडिएका विषय छन् । सामान्य विषयबाट नै हामीले विश्वविद्यालयको सुधार गर्नुपर्ने देखिन्छ । अर्को युवा पलायनको ठूलो कारण रोजगारीको समस्या हो । यो समस्या समाधानका लागि देशको आर्थिक अवस्था सुधार नै हो । हाम्रो पार्टीको मूल एजेण्डा पनि देशको आर्थिक विकास हो । हामीले सधैँ व्यवस्था परिवर्तन लागि सङ्घर्ष गर्दै आएका छौँ। तर अब अवस्था परिवर्तन र आर्थिक रुपान्तरणमा राजनीतिक दलहरू केन्द्रित हुनुपर्छ । सरकारले कृषि, पर्यटन र प्रविधिको क्षेत्रमा अलिकति नीतिगत सुधार गर्नुपर्ने आवश्यकता छ । विदेशी लगानीको ढोका पनि खुला गर्नुपर्छ। औद्योगिक क्षेत्रको पनि विकास गर्नुपर्छ। मुख्यगरी नीतिगत सुधारमा काम गर्नुपर्छ।

**राजसंस्थावादीहरूको पछिल्लो गतिविधिलाई कसरी हेर्नुभएको छ ?**

आफ्ना विषय शान्तिपूर्ण तरिकाले राख्न पाउनु लोकतन्त्रको सिद्धान्त र मान्यता हो। आफूले उठाएका मुद्दालाई जनमतमार्फत स्थापित गर्छु भन्न पाउनुपर्छ । देशको पाँचौँ ठूलो दल नै राजसंस्थाको पक्षमा लागिरहेको छ। तर राजसंस्थाबारे ठूला राजनीतिक लदहरूले दिएको अभिव्यक्ति लोकतन्त्रको विपरीत छ । यद्यपि आफ्ना माग राख्दै गर्दा अराजक गतिविधि गर्नु हुँदैन। हिंसाका गतिविधि गर्नु कुनै पनि हिसाबमा सही होइन।

**सुशासनका लागि तपाईंको सुझाव के छ ?**

सुशासनको अहिलेको ठूलो समस्या भनेको सत्तामा जाने प्रमुख ध्यान नै विभिन्न सरकारी निकायमा हुने किनबेच हो जस्तो लाग्छ । नेपाल प्रहरी, न्यायालय, विभिन्न आयोगको नियुक्ति र राष्ट्र बैंकदेखि धितोपत्र बोर्डसम्म हुने नियुक्तिमा पनि विभिन्न स्वार्थले काम गरेको छ । अस्ति भर्खरै एक जना पूर्वमन्त्रीज्यूले पनि संसदीय समितिको बैठकमा नागरिक उड्डयन प्राधिकरण, नेपाल वायु सेवा निगमलगायत हरेक खालका नियुक्तिमा किनबेच हुन थालेको छ भनेर भन्नुभएको थियो। सरकारले नियुक्ति गर्दा 'मेरिट'का आधारमा हुनुपर्छ। करोडौँकरोड कसले दिन्छ भनेर भन्दा पनि स्वतन्त्र रूपमा क्षमताका आधारमा नियुक्त गर्न सरकारलाई सुझाव छ । यो अहिलेको होइन, जहिलेको सरकारले पनि त्यसो गरेको देखिन्छ। यो नहटेसम्म सुशासन आउँदैन।

**संसद्मा तपाईंको अनुभव कस्तो रह्यो ?**

संसद्को मुख्य काम भनेको कानुन बनाउने हो । तर मेरो अनुभवमा सरकारको अलि बढी भूमिका हुँदा सांसदको भूमिका ओझेलमा परेको जस्तो लागेको छ। सरकार आफैँले अध्यादेशमार्फत विधेयकहरू ल्याउन थालेको छ। मैले संसद्प्रति जुन अपेक्षा राखेको थिएँ, त्यो अपेक्षा कम मात्र पूरा भएको पाएको छ। संविधानमा भएको सङ्घीयता, गणतन्त्र, निर्वाचन र समावेशिताको सिद्धान्तलाई कार्यान्वयन गरेको देखिन्छ । तर जुन गतिमा संविधानको कार्यान्वयन हुनुपर्ने हो, त्यो अनुरुप कार्यान्वयन हुनसकेको देखिँदैन।

संरचनागत हिसाबले संविधान अगाडि बढेको देखिए पनि मूल आशय र स्प्रिटका हिसाबले धेरै काम गर्नुपर्ने जस्तो देखिन्छ। जस्तोः सङ्घीयता कार्यान्वयनका लागि बन्नुपर्ने कानुन बन्न सकेको छैन । दुईतिहाइको सरकार हुँदा पनि सङ्घीय संरचनालाई बलियो बनाउने कानुन बन्न सकेको छैन। स्थानीय तहलाई अझै बलियो बनाउने कानुन बन्न सकेको छैन।

संविधानमा शिक्षाको जिम्मा स्थानीय तहलाई दिए पनि शिक्षासम्बन्धी ऐन बन्न सकेको छैन। कर्मचारीसँग सम्बन्धित ऐन पनि आउन सकेको छैन। सांसदले संसद्को शून्य समय र विशेष समयमा आफ्नो निर्वाचन क्षेत्र र देशको समग्र समसामयिक विषय उठाउँदै आएका छन्। हामीले पनि ती विषयलाई संसद्मा प्रवेश गराएकै छौँ। तर सरकारले ती विषयलाई सम्बोधन गरेको देखिँदैन। प्रतिफल दिने विषयमा सरकारले कार्यान्वयन गर्नुपर्ने तर कार्यान्वयन हुनसकेको छैन। कार्यान्वयन गर्नेभन्दा पनि सरकारले संसद्मा उठेका विषयमा जवाफसमेत दिएको देखिँदैन । राष्ट्रियस्तरको एकदम ठूलो मुद्दालाई लिएर प्रतिपक्ष दलले संसद् अवरुद्ध गरेको खण्डमा सरकार अलिकति जवाफदेही बनेको जस्तो देखिन्छ। तर अन्य विषयलाई बेवास्ता गरेको छ। बरु जनताका सवाललाई लिएर मन्त्रीसमक्ष राखेको खण्डमा पूरा हुनसक्ला तर संसद्मा बोलेर सरकारले सुन्दैन।

**संविधान संशोधनको विषयमा तपाईंको धारणा के छ ?**

संविधान संशोधनको विषय अहिलेको गठबन्धन सरकार निर्माणसँगै सबै राजनीतिक पार्टीमा प्रवेश गरेको देखिन्छ । हामीले प्रत्यक्ष कार्यकारीको विषय उठाएका छौँ । प्रदेश सरकार खारेजीको कुरा पनि हाम्रो पार्टीले उठाउँदै आएको छ। सङ्घीय संसद्, राष्ट्रियसभाको अध्यक्ष उपराष्ट्रपति हुनुपर्छ भन्ने विषय पनि सुरुदेखि नै उठाउँदै आएको हो । स्वाभाविक रूपमा थुपै पक्षमा संविधान संशोधन गर्नुपर्ने छ। जनताको अभिमत लिएर शान्तिपूर्ण ढङ्गबाट संशोधन गर्नुपर्ने हुन्छ।

**संघीयतालाई अझै सुदृढ बनाउन के गर्नुपर्छ होला ?**

सङ्घीयतालाई बलियो बनाउने ढङ्गले आवश्यक कानुन चाँडो बनाउनुपर्ने हुन्छ । धेरै कानुन सङ्घीय सरकारले बनाउनुपर्ने छ। संविधानले नै स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई छुट्टाछुट्टै र संयुक्त अधिकार दिएको छ । तर त्यो अधिकारलाई प्रयोग गर्नेगरी कानुन बन्न नसकेको यर्थाथ हो । त्यसैले पहिलो काम भनेको अहिलेको केन्द्रिकृत शासन प्रणालीको मानसिकतालाई सुधार गर्नुपर्छ । नेपालको संविधानको भावना अनुरुप कानुन बन्नुपर्छ । संविधानअनुसार नै अझै ४० वटा कानुन छिटो बनाउनुपर्ने छ । ती कानुन निर्माण गर्ने विषयमा सरकारको खासै ध्यान गएको जस्तो देखिँदैन।

**तपाईंको पार्टीको अबको योजना के छ ?**

रास्वापा अहिले मूल रूपमा सङ्गठन विस्तारमा रहेको छ । हाम्रो पहिलो तयारी महाधिवेशन गर्ने भन्ने छ । त्यसका लागि वडाबाट हामीले काम गर्दै आएका छौँ । पार्टीको अधिवेशन टुङ्गो लगाएर आगामी निर्वाचनका लागि तयारी गर्ने योजना छ।

**अबको तपाईंको भूमिका के छ ?**

मेरो भूमिका भनेको कानुन बनाउने विषयमा महत्त्वपूर्ण भूमिका खेल्ने हो। रास्वपाका सांसदहरू व्यक्तिगत र सामूहिक रूपमा पनि हरेक कानुनलाई 'अपडेट' गर्ने काम गर्दै आएका छन्। हामीले विधेयकको सैद्धान्तिक पक्ष र दफावार छलफलमा पनि सक्रियताका साथ काम गर्दै आएका छौँ। कानुनलाई जनपक्षीय बनाउने कुरामा रास्वपाका सांसदले विशेष भूमिका निर्वाह गर्दै आएका छौँ । त्यो बाहेक आफ्नो निर्वाचन क्षेत्रका मुद्दालाई उठाउँदै आएका छौँ। जस्तोः सार्वजनिक जग्गाको विषय उठाएपछि समाधानमा गएको छ। रिङरोड, खानेपानीको अभाव, शिक्षा, स्वास्थ्य, रोजगारीको विषयलाई पनि उठाउँदै आएको छु।रासस

# चिनियाँ सामानमा १०४% कर लगाउने ट्रम्पको घोषणा

बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दर्जनौँ अर्थतन्त्रमाथि दण्डात्मक भन्सार दर बुधबार लागू भएको छ । यसमा चिनियाँ सामानहरूमा १०० प्रतिशतभन्दा बढी कर समावेश छ र यसले विनाशकारी विश्वव्यापी व्यापार युद्धलाई नाटकीय रूपमा बढाएको छ ।

सप्ताहन्तदेखि लागू भएका व्यापक १० प्रतिशत भन्सार दरहरूले विश्व अर्थतन्त्रलाई हल्लाएपछि बुधबार बिहान १२.०१ बजे (०४०१ जिएमटी) युरोपेली सङ्घ (इयु) वा जापानजस्ता निर्यातकहरूबाट संयुक्त राज्य अमेरिकामा आयातमा दरहरू थप बढेका छन् ।

वासिङ्टनको शीर्ष आर्थिक प्रतिद्वन्द्वी तर प्रमुख व्यापारिक साझेदार समेत रहेको चीन सबैभन्दा बढी प्रभावित भएको छ । ट्रम्प ह्वाइट हाउसमा फर्केपछि चिनियाँ उत्पादनहरूमा लगाइएका भन्सार दरहरू अहिले आश्चर्यजनक रूपमा १०४ प्रतिशत पुगेको छ ।

ह्वाइट हाउसले जापान र दक्षिण कोरियाजस्ता सहयोगीहरूलाई प्राथमिकता दिने भन्दै मङ्गलबार आफ्नो सरकारले व्यापारिक साझेदार हरूसँग 'अनुकूल सम्झौताहरू' मा काम गरिरहेको ट्रम्पले बताउनुभयो ।उहाँका शीर्ष व्यापार अधिकारी जेमिसन ग्रिरले पनि सिनेटलाई अर्जेन्टिना, भियतनाम र इजरायलले आफ्नो कर घटाउने प्रस्ताव गरेको बताउनुभयो ।

मङ्गलबार राति साथी रिपब्लिकनहरूसँगको रात्रिभोजमा ट्रम्पले देशहरू सम्झौता गर्न ' आतुर' रहेको बताउनुभयो । "म तपाईंलाई भन्दैछु, यी देशहरू मलाई चाट्दै हामीलाई फोन गरिरहेका छन्", उहाँले भन्नुभयो।तर बेइजिङले पछि हट्ने कुनै सङ्केत देखाएको छैन । चीनले व्यापार युद्ध 'अन्त्यसम्म' लड्ने र आफ्नो हितको रक्षा गर्न प्रतिकारको वाचा गरेको छ ।

चीनले अमेरिकी सामानमा लगाएको ३४ प्रतिशत कर बिहीबारदेखि लागु हुने भएको छ ।

अमेरिकी राष्ट्रपतिले आफ्नो नीतिले कम्पनीहरूलाई संयुक्त राज्य अमेरिकामा स्थानान्तरण गर्न बाध्य पार्दै अमेरिकाको हराएको उत्पादन आधारलाई पुनर्जीवित गर्ने विश्वास गर्नुभएको छ ।

तर धेरै व्यापार विशेषज्ञहरू र अर्थशास्त्रीहरूले यो कति चाँडो - यदि कहिल्यै - हुन सक्छ भन्नेमा प्रश्न उठाउँदै भन्सार दरले मूल्य बढाउँदा उच्च मुद्रास्फीतिको चेतावनी दिन्छन् ।मङ्गलबार ट्रम्पले संयुक्त राज्य अमेरिकाले करबाट 'दैनिक लगभग दुई अर्ब डलर' कमाइरहेको बताउनुभयो ।

**चीन 'सम्झौता गर्न चाहन्छ'**

उहाँले सुरुमा चिनियाँ सामानहरूमा ३४ प्रतिशत अतिरिक्त भन्सार दर घोषणा गर्नुभएको थियो । तर चीनले अमेरिकी उत्पादनहरूमा समान मात्राको आफ्नै भन्सार दर लगाएपछि ट्रम्पले अर्को ५० प्रतिशत भन्सार शुल्क थप्नुभयो । फेब्रुअरी र मार्चमा लगाइएको विद्यमान करहरू गणना गर्दा यसले ट्रम्पको दोस्रो राष्ट्रपतिको कार्यकालमा चिनियाँ सामानहरूका लागि सञ्चयी भन्सार शुल्क वृद्धि १०४ प्रतिशत पुग्नेछ ।

बेइजिङले 'नराम्रो तरिकाले सम्झौता गर्न चाहन्छ, तर यसलाई कसरी सुरु गर्ने भन्ने थाहा छैन' भन्दै ट्रम्पले बल चीनको कोर्टमा रहेको जोड दिनुभएको छ ।मङ्गलबार अबेर ट्रम्पले संयुक्त राज्य अमेरिकाले औषधिहरूमा 'धेरै चाँडै' प्रमुख भन्सार दर घोषणा गर्ने पनि बताउनुभयो ।




छुट्टै, क्यानडाले केही अमेरिकी अटो आयातमा आफ्नो भन्सार दर बुधबार लागू हुने बताएको छ ।

**चीन 'आत्मविश्वासी'**

पछिल्लो दिनमा विश्वव्यापी सेयर बजारबाट खर्बौं डलरको मूल्य समाप्त भएपछि एसियाका बजारहरू बुधबार फेरि खुल्दा हङकङ तीन प्रतिशतभन्दा बढी र जापानको निक्केई दुई दशमलव सात प्रतिशतले घटेको छ ।विदेशी मुद्रा बजारमा पनि गिरावट देखिएको छ । दक्षिण कोरियाली वोन यस हप्ता २००९ पछि डलर विरूद्ध सबैभन्दा कम स्तरमा झरेको छ ।

बेइजिङको केन्द्रीय बैंकले बुधबार युआनलाई कमजोर पार्ने कदम चालेसँगै चीनको अपतटीय युआन पनि अमेरिकी डलर विरूद्ध अहिलेसम्मकै कममा झरेको छ । यो गिरावटलाई ब्लूमबर्गले लगातार पाँचौं दिन भनेको छ ।तेलको मूल्य घटेको छ। पश्चिम टेक्सास मध्यवर्ती सन् २०२१ अप्रिलपछि पहिलो पटक ४६० भन्दा तल बन्द भयो ।

युरोपेली सङ्घ (इयु) ले तनाव कम गर्न खोजेको छ । समूहका प्रमुख उर्सुला भन डेर लेयनले चिनियाँ प्रधानमन्त्री ली चियाङसँगको कुराकानीमा व्यापार द्वन्द्व बढाउन नहुने चेतावनी दिनुभएको छ ।उहाँले विश्व अर्थतन्त्रको स्थिरताका साथै ' थप तीव्रता रोक्ने आवश्यकता' मा जोड दिनुभएको इयुको विवरणले बताएको छ ।चिनियाँ प्रधानमन्त्रीले भन डेर लेयनलाई 'दिगो र स्वस्थ आर्थिक विकास कायम राख्न पूर्ण आत्मविश्वास छ' भन्दै आफ्नो मुलुकले 'आँधीबेहरीको सामना गर्न सक्ने' बताउनुभयो ।

इयुले अगामी हप्ता २० प्रतिशतको नयाँ करहरूको जवाफमा आफ्नो प्रतिक्रिया सार्वजनिक गर्न सक्छ । इयुको भन्सार व्यवस्थाबारे ट्रम्पले कटु आलोचना गर्नुभएको छ। गत महिना लागु भएको अमेरिकी स्टिल र एलुमिनियम करकोबदलामाइयुलेसोयाबिनदेखि मोटरसाइकलसम्मका अमेरिकी सामानहरूमा २५ प्रतिशतसम्म कर लगाउने योजना बनाएको एएफपीले देखेको कागजातमा उल्लेख छ ।

**अनुकूलित सम्झौताहरू**

वाल स्ट्रिटका प्रमुख सूचकाङ्कहरू मङ्गलबार घटेर बन्द भए । व्यापक-आधारित एस एन्ड पी ५०० एक दशमलव छ प्रतिशतले घट्यो ।

भन्सार दरहरूमाथि घर्षणको एक सार्वजनिक सङ्केतमा ट्रम्पका प्रमुख सहयोगी एलन मस्कले वरिष्ठ ह्वाइट हाउस व्यापार सल्लाहकार पिटर नभारोलाई 'ईंटाको झोलाभन्दा मूर्ख' भनेर वर्णन गर्नुभयो ।ट्रम्पको व्यापार नीतिमा आफ्नो विरोधको सङ्केत दिएका नाभारोले आफ्नो टेस्ला कम्पनीलाई सस्तो विदेशी पार्ट्स चाहने 'कार एसेम्बलर' भनेर वर्णन गरेपछि मस्क आक्रोशित हुनुभयो ।

**अमेरिका र चीनबीच 'व्यापार युद्ध' चर्किंदा विश्वको अर्थतन्त्रमा पर्न सक्ने असर**

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनल्ड ट्रम्पले चिनियाँ सामानको आयातमा बुधवार ९ एप्रिलदेखि १०० प्रतिशतभन्दा बढी कर लगाउने चेतावनी दिएसँगै दुई देशबीच पूर्ण स्तरको 'व्यापार युद्ध' हुने सम्भावना देखिएको छ।

चीनले अमेरिकासँग नझुक्ने र "अन्तिमसम्म लड्ने" बताएको छ। अमेरिकी निर्णयको जबाफ दिँदै चीनले पनि अमेरिकी सामानको आयातमा कडाइ गरेको छ।

यो 'व्यापार युद्ध' चर्किँदा विश्वको अर्थतन्त्रमा कस्तो असर पर्ला? अमेरिका र चीनबीच विश्वका शीर्षस्थ अर्थतन्त्र हुन्। गत वर्ष करिब ती दुई देशबीच ५८५ अर्ब अमेरिकी डलरको सामान व्यापार भएको थियो। अमेरिकाले चीनबाट धेरै आयात गरेको थियो। अमेरिकाले ४४० अर्ब अमेरिकी डलरको आयात गर्दा चीनले अमेरिकाबाट केबल १४५ अर्ब अमेरिकी डलरको सामान मात्रै आयात गरेको थियो। ट्रम्पले आफू पहिलो पटक राष्ट्रपति हुँदा पनि चीनबाट हुने आयातमा उल्लेखनीय कर लगाएका थिए। उनका उत्तराधिकारी जो बाइडनले पनि त्यो कर हटाएनन् बरु अझै बढाए। ती दुवै 'व्यापार अवरोध'ले अमेरिकामा चीनबाट हुने आयात कम गर्न सघाए। परिणामस्वरूप सन् २०१६ मा कुल अमेरिकी आयातको १६ प्रतिशत हिस्सा ओगटेको चिनियाँ आयात गत वर्ष १३ प्रतिशतमा सीमित रह्यो।अनि व्यापारमा चीनसँगको अमेरिकी परनिर्भरता पनि विगत दशकमा घटेको छ।

यद्यपि कतिपय विश्लेषकहरूले अमेरिकामा हुने चिनियाँ निर्यात दक्षिणपूर्वी एशियाली देशहरूबाट हुन थालेको औँल्याएका छन्। उदाहरणका लागि, सन् २०१८ मा ट्रम्प प्रशासनले चीनबाट आयात हुने सौर्य ऊर्जाका प्यानलहरूमा ३० प्रतिशत कर लगायो।

तर अमेरिकी कर छल्न चिनियाँ सौर्य प्यानल निर्माता कम्पनीहरू मलेशिया, थाईल्यान्ड, क्याम्बोडिया र भियतनाममा आफ्ना जडान कारखाना स्थानान्तरण गरेका र त्यहाँबाट तयारी सामान अमेरिका पठाएको प्रमाण अमेरिकी वाणिज्य मन्त्रालयले सन् २०२३ मा पेस गऱ्यो।

अहिले ती देशहरूमा पनि बराबर कर लगाइएका कारण अन्ततः चीनमा उत्पादन हुने व्यापक सामानहरूको मूल्य अमेरिकामा महँगो पर्न सक्छ। सन् २०२४ मा अमेरिकाबाट चीन निर्यात भएको सबैभन्दा ठूलो परिमाण भटमास थियो। विशेष गरी आफ्नो देशमा पालिएका अनुमानित ४४ करोड बङ्गुरलाई खुवाउन चीनले अमेरिकाबाट भटमास आयात गर्छ।अमेरिकाले औषधि र पेट्रोलियम पदार्थ पनि चीनमा निर्यात गरेको छ।

अर्कोतर्फ चीनबाट अमेरिका निर्यात हुनेमा सामग्रीमा सबैभन्दा ठूलो परिमाण विद्युतीय उपकरण, कम्प्युटर र खेलौनाहरू छन्। विद्युतीय सवारीसाधनका लागि अत्यावश्यक ब्याटरीहरू पनि ठूलो मात्रामा चीनबाट अमेरिका निर्यात भएका छन्।

अमेरिकाले चीनबाट सबैभन्दा ठूलो परिमाणमा आयात गर्ने सामान स्मार्टफोन हो। यसले कुल आयातको ९ प्रतिशत भाग ओगटेको छ। अमेरिकी बहुराष्ट्रिय कम्पनी एपलका ठूलो मात्रामा स्मार्टफोनहरू चीनमा तयार हुन्छन्। अमेरिकाले चिनियाँ आयातमा लगाएको करको असर एपलको शेअरमा देखिएको छ। एक महिनामा यो कम्पनीको शेअर मूल्यमा २० प्रतिशतले गिरावट आएको छ।

ट्रम्प प्रशासनले बेइजिङका लागि लगाएको २० प्रतिशतका कारण चीनबाट अमेरिकामा आयात हुने यी सबै सामानहरू अमेरिकामा महँगो पर्ने निश्चित देखिएको छायदि ट्रम्पले साँच्चिकै १०० प्रतिशतभन्दा बढी कर लगाए भने त्यसको असर पाँचगुना बढी हुन सक्छ।अनि अमेरिकी करको बदलामा चीनले लगाएको करले पनि त्यसै गरी चिनियाँ उपभोक्ताहरू महँगीमा पर्छन्।तर करबाहेक पनि दुई देशको व्यापारमा असर गर्ने तत्त्वहरू छन्। तामा, लिथिअम र 'रेअर अर्थ' धातुजस्ता उद्योगहरूका लागि चाहिने महत्त्वपूर्ण पदार्थको प्रशोधनमा चीनको केन्द्रीय भूमिका छ। यस्ता धातुहरू अमेरिका जाने बाटोमा चीनले विभिन्न अवरोध सिर्जना गर्न सक्छ।

सेनाले थर्मल इमेजिङ र रेडारमा प्रयोग गर्ने जर्मेनिअम र ग्यालिअम दुई धातुमा चीनले यो कदम चालिसकेको छ।अर्कोतर्फ अमेरिकाले चीनमाथि आर्टिफिशल इन्टेलिजन्सजस्ता प्रविधिका लागि अत्यावश्यक अत्याधुनिक माइक्रोचिप्सहरूमा 'प्राविधिक नाकाबन्दी' लगाउन सक्छ।

यस्ता उपकरण चीनले हालसम्म आफैँ उत्पादन गर्न सकेको छैन। यसअघि जो बाइडन प्रशासनले पनि चीनलाई माइक्रोचिप आयात कठिन बनाएका थिए।

ट्रम्पका सल्लाहकार पीटर नभारोले क्याम्बोडिया, मेक्सिको र भियतनामजस्ता देशहरूलाई अमेरिकाले आफ्नो देशमा निर्यात जारी राख्नका लागि चीनसँग व्यापार गर्न नहुने सर्त राखेर दबाव दिने सङ्केत गरेका छन्। अमेरिका र चीन दुवै देशले वैश्विक अर्थतन्त्रको ठूलो भाग ओगटेका छन्। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)का अनुसार दुवै देशको जोड्दा त्यो विश्वको अर्थतन्त्रको ४३ प्रतिशत हुन्छ।

यदि दुवै देश पूर्ण स्तरको व्यापार युद्धमा होमिए भने त्यसले उनीहरूको आर्थिक वृद्धि सुस्त गर्छ र आर्थिक मन्दी निम्त्याउन पनि सक्छ। त्यसले अरू देशहरूको अर्थतन्त्रलाई पनि असर गर्नुका साथै विश्वकै आर्थिक वृद्धि सुस्त बनाउन सक्छ।त्यसको असर विश्वस्तरका लगानीमा पर्न सक्छ। अनि अरू पनि सम्भावित परिणामहरू हुन सक्छन्।

चीन विश्वको सबैभन्दा ठूलो उत्पादक देश हो। यो देशले आफ्नो देशमा खपत हुनेभन्दा धेरै ठूलो परिमाणमा उत्पादन गरिरहेको छ। यो देश अहिले नै कुल आयात गर्नेभन्दा एक खर्ब अमेरिकी डलर बढीको सामान निर्यात गरिरहेको छ। अनि यहाँ राज्यले निश्चित कम्पनीहरूलाई सस्तो ब्याज दरमा ऋण र आन्तरिक अनुदान पनि दिने गरेका कारण चीनमा उत्पादन हुने सामग्रीहरू तुलनात्मक सस्तो छन्।यसको एउटा उदाहरण स्टील हो। यदि यस्ता उत्पादनहरू अमेरिका प्रवेश गर्न सफल भएनन् भने चिनियाँ कम्पनीहरूले तिनलाई अरू नै देशमा "थन्क्याउन" सक्छन्।

त्यो केही उपभोक्ताका लागि फाइदाजनक पनि हुन सक्छ। रोजगारी सङ्कटमा परेका र तलब कटौती भइरहेका देशहरूले यो सस्तोमा किन्न सक्छन्।यूकेको लबी ग्रूपले स्टील अत्यधिक मात्रामा यूकेमा आउन सक्ने भन्दै सचेत गराएको छ।चीन र अमेरिकाबीच हुने 'व्यापार युद्ध'का बाछिटा विश्वभरि नै महसुस हुन सक्छ। अधिकांश अर्थशास्त्रीहरूले विश्वभरि पर्ने असर नकारात्मक हुन सक्ने बताएका छन्।

> ट्रम्पका सल्लाहकार पीटर नभारोले क्याम्बोडिया, मेक्सिको र भियतनामजस्ता देशहरुलाई अमेरिकाले आफ्नो देशमा निर्यात जारी राख्नका लागि चीनसँग व्यापार गर्न नहुने सर्त राखेर दबाव दिने सङ्केत गरेका छन्।

# नेपालले कतारलाई आठ विकेटले हरायो




काठमाण्डु । हङ्कङमा बुधबारदेखि सुरु भएको चारदेशीय टी-२० आई सिरिजको पहिलो खेलमा नेपालले कतारलाई आठ विकेटले पराजित गरेको छ। कतारले जितका लागि दिएको १५२ रनको लक्ष्य नेपालले १७ ओभरमा दुई विकेट गुमाउँदै पूरा गरेको हो ।

नेपालका लागि कुशल भूर्तेलले सर्वाधिक ३८ रन बनाए । उनले १९ बलमा चार चौका र तीन छक्का प्रहार गर्दै ३८ रन बनाएका हुन् । कप्तान रोहित पौडेलले ३७ रन जोडे । उनले २९ बलमा दुई चौका र एक छक्का प्रहार गरे ।

आसिफ शेखले ३३ रनको योगदान दिँदा बसिर अहमदले ३० रन बनाए । नेपालले अतिरिक्त १६ रन प्राप्त गर्यो । कतारका लागि मुजीब-उर-रहमानले दुई विकेट हात पारे ।

त्यसअघि हङकङको टिन क्वाङ रोड रिक्रिएशन रङ्गशालामा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कतारले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १५१ रन बनाएको थियो ।

कतारका लागि कप्तान इक्रामुल्लाह खानले सर्वाधिक ५४ रन बनाए । उनले ५४ बलमा ५ चौका र २ छक्काको मद्दतले ५४ रन बनाए । शाहजैब जमीलले ३१, मुजीब-उर-रहमानले २०, मोहम्मद इरशादले १८ र अरुमुगागणेश नागराजनले १३ रन बनाए । कतारका लागि रिफाइ थेरुवाथले छ र जसिम खानले चार रनको योगदान दिए । कतारले अतिरिक्त पाँच रन प्राप्त गर्यो ।

नेपालका लागि करण केसी, सोमपाल कामी, नन्दन यादव, गुलसन झा र ललित राजवंशीले समान एक-एक विकेट हात पारेका थिए ।

**अफगानिस्तानको यु-१९ ले टस जित्यो**

नेपाल यु-१९ र अफगानिस्तानको यु-१९ क्रिकेट टोलीबीच तीन खेलको एक दिवसीय शृ‍ंखलाअन्तर्गतको अन्तिम खेलमा नेपालले टस हारेको छ । मुलपानी क्रिकेट मैदानमा भर्खरै भएको टसमा अफगानिस्तानले टस जितेर पहिले बलिङ गर्ने निर्णय लिएको छ । यससँगै नेपालले अब पहिला ब्याटिङ गर्नेछ ।

यसअघिको पहिलो खेलमा नेपाल अफगानिस्तानसँग १३० रनको फराकिलो अन्तरमा पराजित भएको थियो । दोस्रो खेलमा पनि अफगानिस्तानले नेपाललाई एक रन हराएको थियो ।

# छेलोलाई १०औँ राष्ट्रिय खेलकुदमा समावेश गर्न माग

गण्डकी । प्रदेशसभाको मङ्गलबारको बैठकमा गण्डकी प्रदेशमा परापूर्व कालदेखि प्रचलनमा रहँदै आएको मौलिक खेल छेलो (ठेलो)लाई आसन्न दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश गर्नुपर्ने आवाज उठेको छ ।



बैठकको आकस्मिक समयमा प्रदेशसभा सदस्य बेदबहादुर गुरुङले यसअघि नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदर्शनी खेलका रुपमा समावेश भइसकेको छेलो खेललाई दौं राष्ट्रिय खेलकुदमा समेट्नुपर्ने बताउनुभयो ।

"गण्डकी प्रदेशको मौलिकता र पहिचानसँग जोडिएको यस खेललाई राष्ट्रिय/अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश गर्न प्रदेश सरकार र सम्बन्धित मन्त्रालयले पहल गरोस्", उहाँले भन्नुभयो, "राष्ट्रिय खेलकुद परिषद् र सातवटै प्रदेश सरकारसँगको समन्वयमा यस खेललाई दशौं राष्ट्रिय खेलकुदमा समावेश गर्न आवश्यक बजेटको प्रबन्ध र जनशक्ति उत्पादनमा पहल लिनु आवश्यक छ ।"

प्रदेशको मौलिक खेलका रुपमा छेलो खेलेको संरक्षण र पहिचानका लागि प्रदेश सरकारले यसअघि नै कार्यविधि बनाएका काम गरेको उल्लेख गर्दै प्रदेशसभा सदस्य गुरुङले आगामी आवको बजेट तथा कार्यक्रममा पनि त्यसलाई निरन्तरता दिन माग गर्नुभयो ।रासस

# खेलाडी अक्षयकोषमा ३१ बढी लाख बढी सङ्कलन



कास्की । अग्रज खेलाडीहरूको संस्था नेपाल भूतपूर्व खेलाडी मञ्च पोखराले स्थानीय तहबाट प्रतिभावान खेलाडी उत्पादन गर्ने उद्देश्यले सुरु गरेको खेलाडी अक्षयकोषमा हालसम्म रु ३१ लाख ५४ हजार २५६ सङ्कलन भएको छ ।

मञ्चले पोखरा म्याराथनको प्रवर्द्धन, मासिक तथा साप्ताहिक दौड प्रतियोगिता सञ्चालन र गाउँगाउँमा लुकेर रहेका खेलाडीको पहिचान गरी प्रतिभावान खेलाडी उत्पादन गर्ने उद्देश्यले गत माघदेखि कोष स्थापना अभियान सुरुआत भएको हो ।

अक्षयकोषमा देश तथा विदेशमा छरिएर रहेका मञ्चका आजीवन सदस्य र दिवङ्गत आजीवन सदस्यका परिवारहरूबाट आफ्ना स्वजनको स्मृतिमा रकम प्रदान गर्ने गरिएको मञ्चका अध्यक्ष दिलबहादुर गुरुङले बताउनुभयो ।

उहाँका अनुसार मञ्चले यसै वर्ष अक्षयकोषमा रु दुई करोडको पुऱ्याउने योजना बनाएको छ । अध्यक्ष गुरुङले भन्नुभयो, "यो अक्षयकोष केवल रकम सङ्कलनका लागि मात्र होइन, यसमा एथलेटिक्स खेलको विकासका लागि युवा खेलाडी उत्पादनसँगै मञ्चले सुरु गरेको साप्ताहिक/मासिक दौड र पोखरा अन्तरराष्ट्रिय म्याराथनका लागि हो ।"

यसैगरी गत फागुन ३ गते पोखरामा सम्पन्न भएको १९औँ संस्करणको पोखरा अन्तरराष्ट्रिय म्याराथनमा रु १२ लाख २९ हजार ५११ बचत भएको छ । मञ्चका कोषाध्यक्ष हरिबहादुर बरुवालले आम्दानी रु ९३ लाख ७० हजार ६८९ तथा खर्च रु ८१ लाख ४१ हजार १७७ भएको जानकारी दिनुभयो । पोखरा अन्तरराष्ट्रिय म्याराथनमा बचत भएको सो रकम हालसम्मकै सर्वाधिक हो । कुनै बेला आर्थिक अभावका कारणका तीन-तीनपटक स्थगन पोखरा म्याराथनले कोभिडपछिका तीन वर्ष घाटासमेत व्यहोरेको जनाइएको छ ।

यसैगरी २०औँ सस्कणको पोखरा अन्तरराष्ट्रिय म्याराथन आगामी फागुन २ गते आयोजना हुने मञ्चले जानकारी दिएको छ । मञ्चले २०औँ सस्करणको लागि खेलाडी दर्ता प्रक्रिया सुरु गरेको जनाएको छ ।रासस

## मुख्यमन्त्रीकप राष्ट्रिय भलिबलः

# पहिलो सेमिफाइलमा गण्डकी विजयी

टक्सार । भोजपुर नगरपालिका-७ कोदार रङ्गशालामा जारी मुख्यमन्त्रीकप राष्ट्रिय भलिबल प्रतियोगिताअन्तर्गत बुधबार भएको पहिलो सेमिफाइनल खेलमा बागमती प्रदेशलाई ३-० सेटले हराउँदै गण्डकी प्रदेश फाइनलमा प्रवेश गरेको छ ।

खेलको पहिलो, दोस्रो र तेस्रो सेट लगातार २५-२१, २५-१९ र २५-१५ अङ्कको फरकमा गण्डकी प्रदेशले बागमतीलाई पराजित गरेको हो । बुधबार हुने दोस्रो सेमिफाइल खेल सुदूरपश्चिम र कोशी प्रदेशका बीचमा हुने आयोजक जिल्ला भलिबल सङ्घले जनाएको छ ।

बिहीबारसम्म सञ्चालन हुने प्रतियोगिताका लागि कोशी प्रदेश सरकारअन्तर्गत प्रदेश खेलकुद विकास बोर्डले रु २० लाख सहयोग गरेको छ । प्रतियोगितमा मधेस र कर्णालीबाहेक कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका खेलाडीको सहभागिता छ ।

# संरक्षणको पर्खाइमा मुस्ताङको ऐतिहासिक 'कागबेनी दरबार'

मुस्ताङ । जिल्लाको बारागुङ मुक्तिक्षेत्र-४ कागबेनी गाउँभित्र भग्नावशेष अवस्थामा बाह्र सय वर्ष पुरानो ऐतिहासिक दरबार छ । पूरै सख्खर माटोले निर्माण भएको सात तलाको यो दरबार अहिले चार तलामा परिणत भएको छ ।

मुस्ताङको कागबेनीस्थित यस दरबारमा बसेर त्यसबेलाका राजाले शासन चलाउने गर्दथे । तत्कालीन समयमा दरबारमा बसेर जुम्लाबाट आएका राजाले राजकाज गरेको इतिहास रहेको स्थानीयवासी बताउँछन् । यस दरबार र यहाँ बसेर शासन गर्ने राजाको पर्याप्त सूचना भने अझै अनुसन्धानका क्रममा रहेको कागबेनीका स्थानीयको भनाइ छ ।

कागबेनी गाउँको गुजमुच्च एकापसमा ढुङ्गा र माटोले निर्मित पुराना घरको बीचमा ऐतिहासिक कागबेनी दरबार अवस्थित छ । यही दरबारमा बसेर त्यस समय जुम्लाबाट आएका राजाले लोमान्थाङका राजालाई चुनौती दिने गरेको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका पूर्वअध्यक्ष फेञ्चोक छेप्तेन गुरुङले उल्लेख गर्नुभयो । मुस्ताङी राजाबाट पराजित भएपछि त्यसबेलाका राजाले दरबार छोडेको भन्ने भनाइ रहेको उहाँले सुनाउनुभयो ।

पूर्वअध्यक्ष गुरुङका अनुसार जुम्लाबाट आएर शासन चलाएका त्यसबेलाका राजाले मुस्ताङको पान्डाखोलाबाट उपल्लो मुस्ताङको घिलिङसम्म शासन गरेका इतिहास छन् । त्यसबेलाका राजाले कागबेनीसहित फल्याक, धाकार्जुङ, पाक्लिङ, तिरी, पुराङ, झोङ, मुक्तिनाथ, छुसाङ, तेताङ, चैले, समर र घिलिङ गाउँसम्म आधिपत्य जमाएर शासन गरेका अभिलेखहरू रहेका उहाँले उल्लेख गर्नुभयो ।

"तत्कालीन राजाले कागबेनी दरबारमा बसेर प्रजाहरूसँग अत्याचार र दमन गर्दथे । हालको बारागुङ मुक्तिक्षेत्रलाई (ङ्ज्याप बारागुङ) भन्ने गरिन्थ्यो र राजाले प्रजालाई खाना दिएर काममा लगाउथे । राजाको आदेश पालना नगरेमा राजाले जनतालाई शारीरिक यातना दिएर सजाय पनि दिने गर्दथे भन्ने कुरा अनुसन्धानबाट पत्ता लागेको छ", पूर्वअध्यक्ष गुरुङले भन्नुभयो ।

उहाँले कागबेनीमा जुम्लाबाट आएका कुन राजाले शासन गरेका थिए भन्ने अहिलेसम्म खुल्न नसकेको बताउनुभयो । "हामीले यसको अभिलेख खोज्दैछौँ, धेरै विषयबा बारेमा स्रोत सङ्कलनको क्रममा छ", पूर्वअध्यक्ष गुरुङले भन्नुभयो, "यो ऐतिहासिक दरबारलाई सङ्ग्रहालयको रूपमा विकास गर्ने उद्देश्य छ । तर, गाउँपालिका र स्थानीयवासीबाट यसमा पर्याप्त सहयोग हुन सकिरहेको छैन ।"

करिब बाह्रसय वर्षअघि कागबेनी गाउँमा दूधको कुण्ड थियो । त्यही दूधकुण्ड मासेर त्यसबेलाका राजाले यहाँ एक सय आठ कोठा भएको साततले दरबार निर्माण गरेका कागबेनी मन्दिर तथा श्राद्धस्थल व्यवस्थापन समितिकी अध्यक्ष लक्ष्मी गुरुङले उल्लेख गर्नुभयो । पूरै सख्खर माटोले निर्माण भएको उक्त दरबार हावाहुरी र घामपानीले जीर्ण बन्दै जाँदा ढलेर चार तला मात्रै बाँकी रहेको उहाँको भनाइ छ । तत्कालीन समयमा निर्मित दरबारको जग करिब दुई मिटर बढी रहेको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । राजाको दरबार बनाउँदा जगलाई याकले थिचेर निर्माण गरिएको भन्ने कथनहरू रहेका उहाँले बताउनुभयो ।

बारागुङ मुक्तिक्षेत्रमा महत्त्वपूर्ण सांस्कृतिक पर्व यार्तुङमा गीत गाउँदा यही दरबार हुँदा सुरु भएको भातिन गीत अझै प्रचलनमा रहेको अध्यक्ष गुरुङले बताउनुभयो । मुस्ताङमा यो गीत कागबेनीका स्थानीयले मात्रै यार्तुङ पर्वमा गाउने गरेका भन्दै त्यसबाहेक अन्य गाउँमा भने प्रचलनमा नरहेको उहाँले जानकारी दिनुभयो । "यार्तुङ पर्वमा कागबेनीका स्थानीयले गाउने यो गीतमा कागबेनी दरबारलाई सम्मान गरेर दरबार निर्माणका विषयवस्तु समेटिएका हुन्छन्", उहाँले भन्नुभयो ।

कागबेनी भग्नावशेष दरबारभित्र माटोबाट बनाइएका गुरु रिन्पोर्छे र अन्य देवीदेवताका मूर्तिहरूसँगै भत्किएका दरबारको झ्याल ढोकाहरू दरबारभित्रै अझै सुरक्षित राखिएका छन् । दरबारको बाँकी तलामा स्थानीय कामदार बस्ने गरेका छन् भने भित्र पशुचौपायाको खोरजस्तो बनेको छ ।

प्रसिद्ध धार्मिकस्थलका रूपमा रहेको मुस्ताङको कागबेनीमा अवस्थित यो दरबारका बारेमा अधिकांश पर्यटक बेखबर छन् । ऐतिहासिकता झल्किने कागबेनी दरबारलाई उचित संरक्षण नहुँदा जीर्ण अवस्थामा पुगेको छ ।रासस

# संस्कृति संरक्षणमा जागरुक हुँदै युवा





तानसेन । नेवार समुदायको संस्कृति जोगाउन तानसेनका युवा सक्रिय भएका छन् । नेवार समुदायमा रहेको मौलिक संस्कृति पछिल्लो समय हराउँदै गएपछि यहाँका युवाले विभिन्न पर्व, मेला तथा महोत्सव आयोजना गरी संस्कृति संरक्षण गर्न थालेका हुन् ।

नेवार समुदायको रहनसहन, परिकार, पहिरन, संस्कृति युवा पुस्ताले बिर्सिंदै गएपछि संरक्षणमा जुट्न थालिएको स्थानीय बताउँछन् । बढ्दो आधुनिकताको प्रभावसँगै यो समुदायले परापूर्वकालदेखि मान्दै आएका संस्कार, संस्कृति र परम्परालाई जीवन्त राख्न यहाँका युवाहरू सङ्गठित रूपमा लागेका हुन् ।

मौलिक खानाका परिकारसहित परम्परागत रूपमा खुवाइने भोजलाई आधुनिकताले विस्थापन गर्न लागेको अवस्थामा नेवार समुदायका युवा सङ्गठित बरजु गुठी पाल्पाले एक दिने नेवारी मौलिक भोज 'नेवाः भ्वय्' आयोजना गरेको जनाएको छ । नेवार समुदायको बाक्लो बसोबास रहेको तानसेन-३ टक्सारटोलमा गुठीले मौलिक भोज आयोजना गरेको हो ।

भोजमा सहभागी पाहुनाले लस्करै बसेर सामूहिक नेवारी भोज खाएका छन् । नेवारी भाषामा 'झ्व भ्वय्' ले 'लस्करै बसेर खाने भोज' लाई बुझाउँछ । सहभागीमध्ये ज्येष्ठ सदस्यले खान सुरु गरेपछि अरूले खाने चलन छ । सोहीअनुसार ज्येष्ठ नागरिक तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले खान सुरु गरेपछि अन्य सहभागीले खानुभएको थियो । खानु अघि गुर्जु चिनियामान बज्राचार्य र नगरप्रमुख श्रेष्ठले नेवारी परम्पराअनुसार पूजा गरेर खाना खाने कार्यक्रमको शुभारम्भ गर्नुभयो ।

भोजमा सहभागी हुन पुग्ने जोकोही व्यक्ति नेवारी भोजन र संस्कार देख्दा खुसी थिए । यो समुदायको भोज खाने आफ्नो नियम छ । सोही नियममा रहेर यहाँ पुग्नेहरूले भोजन गरेका नगरप्रमुख श्रेष्ठले बताउनुभयो ।

नेवाः भोजमा सहभागीलाई सुकुलमा पलैंटी कसेर खाना खान राखिएको थियो । सुकुलको सबैभन्दा माथि ज्येष्ठ नागरिकलाई राखिएको थियो । भोज सालको पात (लप्ते) मा खुवाइएको हो । लप्तेमा भोजको प्रारम्भिक परिकारहरू राखिसकेपछि सबैभन्दा पहिले ज्येष्ठ नागरिकले खान सुरु गरेपछि अरूले खान सुरु गरेका भन्दै यो नेवारी परम्परा रहेको उहाँले जानकारी दिनुभयो । भोजमा तीन चरणसम्म दोहोरिँदै परिकार राख्न ल्याइएको थियो ।

सुरुमा सालको पातको लपेस (लप्ते) मा खानाका परिकार राखेर 'भ्वय छुयगु' भनेर सुरुआत गरिएको थियो । यसरी राखेको भोजमा मानिसहरू बस्न थालेपछि 'द्यः छायगु' भनेर देवतालाई चढाउने गरिन्छ । भोज खान सुरु गरेपछि पहिला संक, वास (रक्सी) यसैक्रमले ल्हापा, चिउरा, फिनी, छोइला, केराउलगायत परिकार राखिएको थियो ।

दोस्रो पटक चिउरा, पञ्चकोल, आलु, तामा, गोबी, खसीको मासु, मटर, पनिर, चुकाउनी, अचार, मेथी क्वा, वास राखिएको थियो । तेस्रो पटक वाउँचा (साग), भुटुवा, चिउरा, चिनी, दही, फलफूल, केराउ, सिन्का, वास राखेपछि भोज सकिने गर्दछ ।

यसरी परिकार राख्दा पहिलो चरणमा के-के राख्ने, दोस्रो, तेस्रो र चौथोमा के-के राख्ने भन्ने पनि नियमबद्ध विधान रहेको नगरप्रमुख श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार अन्त्यमा फलफूल र दही राखिन्छ ।

भोज सकेपछि दाँत कोट्याउने सिन्का (खौका) समेत दिइएको थियो । खौका लिएपछि भोज सकिन्छ । तर, 'सकियो' भनेर इ्वाट्ट उठ्न पाइँदैन । पहिलो लाइनका ज्येष्ठ नागरिकहरू उठेपछि मात्रै अरू उठ्ने गरिन्छ । गुठीका विनयराज बज्राचार्यले खानाको नियमबारे भोजमा सहभागीलाई जानकारी गराउनुभएको थियो । नेवारी संस्कार र संस्कृति जर्गेनाका लागि सहभागीबाट न्यूनतम शुल्क लिइएको थियो ।

लोप हुन लागेको नेवारी मौलिक खाना र संस्कारको संरक्षण गर्न एक दिने नेवाः भोज राखिएको गुठीका अध्यक्ष प्रविन बज्राचार्यले बताउनुभयो । "स्थानीयस्तरबाट नै आफ्नो संस्कार संस्कृतिलाई बचाउन जुटेका छौँ", उहाँले भन्नुभयो, "सस्कृतिको जगेर्ना गर्दै नयाँ पुस्तालाई आफ्नो संस्कृति, पराम्परा सिकाउँदै आएका छौँ ।"

आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै जाने गुठीका उपाध्यक्ष दिनेशबहादुर बज्राचार्यले बताउनुभयो । उहाँका अनुसार यहाँका करिब छ सय परिवार नेवार समुदाय छन् । करिब एक सय युवा गुठीमा आबद्ध रहेर संस्कृति संरक्षणमा लाग्दै आएका गुठीका महासचिव धीरजबहादुर बज्राचार्यले बताउनुभयो । "नेवार समुदायको छुट्टै कला, संस्कार, संस्कृति रीतिरिवाज छ", उहाँले भन्नुभयो, "कतिपय परम्परा लोप हुँदै गएकाले यस्ता परम्पराको संरक्षणमा हामी जुटेका छौँ । मौलिक परम्पराको संरक्षण गर्नु नयाँ पुस्ताको दायित्व पनि हो ।"

नगर प्रमुख श्रेष्ठले लोप हुन लागेको नेवार समुदायको संस्कार र संस्कृतिको संरक्षणमा गुठीले देखाएको सक्रियता प्रशंसनिय रहेको बताउनुभयो । नेपाल सबै जातजातिको बगैँचा भएको भन्दै नेवार त्यसमा पनि उत्कृष्ट संस्कृति भएको जातिमा पर्ने उहाँले उल्लेख गर्नुभयो । परम्परागत नेवारी संस्कृति संरक्षण, सम्वर्द्धन र विकाससँगै मौलिकपनलाई चिरकालसम्म बचाइराख्न यस्ता कार्यक्रम सहयोगी बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

भोजमा सहभागी हुन पुग्नुभएकी नगरपालिकाकी उपप्रमुख प्रतीक्षा गाहा सिञ्जालीले खाना बस्दादेखि उठ्दासम्म नेवारी संस्कारले आफ्नो मन छोएको बताउनुभयो । उहाँले भन्नुभयो, "संस्कार एकातिर थियो भने खानाका परिकार समेत स्वास्थ्यवर्द्धक थिए । यस्ता सन्तुलित र वैज्ञानिक खाना हाम्रो शरीरका लागि फाइदाजनक समेत हुन्छन् ।"

उपप्रमुख सिञ्जालीले यस्ता परम्परागत भोजको पुस्ता हस्तान्तरण गर्दै जाने र यसको प्रचारप्रसार गरी तानसेनमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने धारणा राख्नुभयो ।

उहाँले कला, संस्कृतिका माध्यमबाट पर्यटकलाई आकर्षित गर्दै पर्यटन प्रवर्द्धन गर्दै जानुपर्नेमा जोड दिनुभयो । गुठीले पहिलोपटक विसं २०७१ मा नेवारी मौलिक भोज गराएको महासचिव बज्राचार्यले जानकारी दिनुभयो । भोजमा २४ किसिमका परिकार बनाइएको कार्यक्रम संयोजक बाबुरत्न शाक्यले बताउनुभयो । सोही अवसरमा विभिन्न नेवारी कला संस्कृति समेत प्रदर्शन गरिएको थियो । रासस

# यस्तो छ सागसब्जी र फलफूलको मूल्य



काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले बुधबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभेँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभेँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभेँडा सानो (लोकल) प्रतिकिलो रु २०, गोलभेँडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४५, गाजर (लोकल) प्रतिकिलो रु ३५, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु २०, बन्दा (तराई) प्रतिकिलो रु १२, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ४०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ४०, मूला रातो प्रतिकिलो रु ४५, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चोप्रतिकिलो रु ४० तथा भन्टा डल्लो प्रतिकिलो रु ४५, तने बोडीको मूल्य प्रतिकिलो रु ९० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ८०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ९०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ९०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ८०, टाटे सिमी प्रतिकिलो रु ७०, तितो करेला प्रतिकिलो रु ९०, लौका प्रतिकिलो रु ४०, परबर (लोकल) प्रतिकिलो रु ९०, परबर (तराई) प्रतिकिलो रु ९०, चिचिण्डो प्रतिकिलो रु ७०, घिरौला प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ४०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ४०, सलगम प्रतिकेजी रु ७०, भिण्डी प्रतिकिलो रु ९० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ८०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग रु १००, मेथीको साग प्रतिकिलो रु ९०, प्याज हरियो प्रतिकिलो रु ५०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु १२०, च्याउ (कन्य) प्रतिकिलो रु १६०, च्याउ (डल्ले) प्रतिकिलो रु ३०० तथा कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ ।

न्यूरो प्रतिकिलो रु ८०, ब्रोकाउली प्रतिकिलो रु ७०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १८०, कोइरालो प्रतिकिलो रु २२०, रातो बन्दा प्रतिकिलो रु ४५, जिरीको साग प्रतिकिलो रु ६५, ग्याठकोभी प्रतिकिलो रु ६५, सेलरी प्रतिकिलो रु २००, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ९०, पुदिना प्रतिकिलो रु ३५०, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु १५०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ११०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ८०, रुख कटहर प्रतिकिलो रु १२०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १००, उखु प्रतिगोटा रु १००, आभोकाडो प्रतिकिलो रु ६५० तथा अमला प्रतिकिलो रु १३० निर्धारण गरिएको छ ।

यसैगरी, खुर्सानी सुकेको प्रतिकिलो रु ४००, खुर्सानी हरियो प्रतिकिलो रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ६०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ७०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो २५०, भेडे खुर्सानी प्रतिकिलो रु ८०, लसुन हरियो प्रतिकिलो रु ९०, हरियो धनिया प्रतिकिलो रु १८०, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १४० र राजा च्याउ प्रतिकिलो रु ३०० तोकेको छ ।रासस


SOS CHILDREN'S VILLAGES

## बोलपत्र सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८१/१२/२८ गते**

एसओएस बालग्राम नेपालले सञ्चालन गरेको समुदायमा आधारित परिवार सवलीकरण कार्यक्रम (लहान तथा कर्जन्हा नगरपालिका) का लागि आवश्यक शैक्षिक सामग्री, पोशाक तथा विस्तृत सुचनामा उल्लेख भए बमोजीमका सामग्री आपूर्तिका लागि सम्बन्धित कार्य गर्न स्वीकृति प्राप्त इच्छुक विक्रेता/कम्पनी/सप्लायर्स/फर्महरूले सानोठिमी, भक्तपुर स्थित एसओएस बालग्राम नेपालको राष्ट्रिय कार्यालय वा समुदायमा आधारित परिवार सवलीकरण कार्यक्रम (लहान तथा कर्जन्हा नगरपालिका) अवस्थित परियोजनाको कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र अर्थात मिति २०८२ बैशाख ३ गते साँझ ५ बजे भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

https://www.sosnepal.org.np/notice



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जनकपुरका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/१२/२८ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा )**

यस बैंक लि.बाट तपशिलमा उल्लेखित ऋणीले बिभिन्न कर्जा शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको हुंदा यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि **मिति २०८०/०६/०८ गते सोमबारको** जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले **मिति २०८०/११/११ गते शुक्रबारको** जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, जनकपुरमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् **मिति २०८२/०१/०४ गते बिहीबार** (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, जनकपुरमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण:**

**ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग,घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/१०/१३ मा प्रा.फ.र.न. १६८८७/१६७७/२०७७/०७८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग,आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०७७/०६/०५ मा करदताको नाम पिंकी साह कारोवारको नाम नैन्सी फार्मेसी भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१३६९७९५८ को प्रमाणपत्र प्राप्त **नैन्सी फार्मेसी ।** रजिष्ट्रड ठेगाना : धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका, वडा नं. ४ जनकपुरधाम ।

| **प्रोप्राइटर तथा जमानतकर्ता : पिंकी साह** | **जमानतकर्ता : संजय साह** |
|---|---|
| (ना.प्र.नं.३९६९५१२७ जारी मिति २०६२/१२/१८, जारी गर्ने कार्यालय जि.प्र.का.धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं.०४<br>(हाल जनकपुर उपमहानगरपालिका वडा नं.०४ ) ।<br>बाबु : हरि प्रसाद साह ।<br>पति : संजय साह । ससुरा : शंकर साह तेली | (ना.प्र.नं. १९२०९७/५७ जारी मिति २०६४/०९/१९, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला बरहथवा न.पा.वडा नं.०८ ।<br>बाबु : शंकर साह तेली ।<br>बाजे : अनुपलाल साह तेली । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. संजय साहको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला बेंगा शिवपुर गा.बि.स.वडा नं.३ नक्सा सिट नं ३ ख स्थित कि.नं. १३०९ क्षेत्रफल ०-३-०-० (बिघा) घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ।

२. ऋणी नैन्सी फार्मेसीको स्वामित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुर बाटसमेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुरमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# मन्त्रीको नाममा ठगी धन्धा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका मन्त्री सरोजकुमार यादवले आफ्ना कार्यकर्तामार्फत ठगी धन्धामा लागेको तथ्य खुलेको छ।

नेकपा एमालेका स्थानीय कार्यकर्ता सुजित कुमार कापरीमार्फत भौतिक पूर्वाधार विकास मन्त्री यादवले मेसिनरी तथा उपकरण सामग्री खरिद र कमिसनको नाममा रकमसमेत लिए पनि हालसम्म फिर्ता नगरेको आरोप आरके शाह मेसिनरी प्रालिका प्रबन्धक निर्देशक राजेशकुमार शाहले लगाएका छन् ।

जीटेक ट्रेड एण्ड इन्जिनियरिंग प्रालि जनकपुरधामका प्रोपराइटरसमेत रहेका नेकपा एमाले धनुषाका कार्यकर्ता कापरीले आरके शाह मेसिनरी प्रालिबाट सामग्री खरिद गरेको थियो भने कमिसन वापतको नगद रकमसहित ठगी गरेको ठगी सम्बन्धी उजुरी दिए । सो उजुरीमा कापरीसंग मेसिनरी तथा उपकारसहितका सामग्री र नगद दिएको रकमसहितको ताकेता गर्दा बेवास्ता गरेको भन्दै रकम भुक्तानी गरिदिनका लागि प्रबन्ध निर्देशक शाहले प्रहरी समक्ष आग्रह गरेका छन् ।

त्यसपछि धनुषा प्रहरीले एमालेका कार्यकर्ता कापरीलाई छलफलका लागि बोलाएपछि प्रोप्राइटर कापरीले भ्याटसहितको पाँच लाख २० हजार रुपैयाँ र एक लाख ३० हजारसहित ६ लाख ५० हजार रुपैयाँ दिने वाचा गरे पनि पछि उनले प्रबन्धक निर्देशक शाहलाई ६ लाख रुपैयाँको चेक दिए । कापरीले सिटिजेन्स बैंकको यही चैत १५ गतेको चेक दिए पनि सो बैंकमा भने हालसम्म रकम नै नरहेको भन्दै आफू दोधारमा परेको शाहले बताए ।

उनले आफूले ५० हजार रुपैयाँ नोक्सानी सहेर भए पनि एक मुष्ट रकम




आरोपसमेत उनले लगाएका छन् ।

जीटेक ट्रेडका प्रोप्राइटर कापरीले आरके शाह मेसिनरी प्रालिबाट चार लाख ६० हजार आठ सय रुपैयाँका मेसिनरी तथा उपकरण असार महिनामा उधारोमा खरिद गरी लगेका थिए । यसका साथै प्रोप्राइटर कापरीले कमिसन दिनुपर्ने भन्दै एक लाख ३० हजार रुपैयाँ आरके शाह मेसिनरीका प्रबन्ध निर्देशक राजेश कुमार शाहसंग लिएका थिए । दुई दिनपछि मेसिनरी तथा उपकरणको रकमसहित सम्पूर्ण रकम भुक्तानी गरिदिने भन्दै लिएको रकम करिब नौ महिना वित्न लाग्दा पनि एमालेका नेतासमेत रहेका कापरीले मन्त्री यादवको धाक लगाउँदै भुक्तानी गर्न आनाकानी गरिरहेका छन् ।

प्रबन्ध निर्देशक शाहले आफ्नो रकम गुम्न देखेपछि उनले जिल्ला प्रहरी कार्यालय धनुषामा कापरीमाथि प्राप्त गर्ने भए पछि अन्तिम समयमा ६ लाख रुपैयाँको चेक बाध्यतावश लिएको बताए । तर सो बैंकको खातामा रकम नहुँदा आफू पुनः उजुरी दिने मनस्थितिमा पुगेको बताए ।

प्रबन्धक निर्देशक शाहले सो मन्त्रालयले रकम भुक्तानीको लागि तोकादेश गरेको कागजातको आधारमा मन्त्रीसमेतलाई कमिसन दिनुपर्ने भन्दै आफूसंग एक लाख ३० हजार रुपैयाँसमेत लिएर पनि अहिलेसम्म नदिनुमा एमालेका कार्यकर्तासमेत रहेका प्रोप्राइटर कापरी र मन्त्री सरोजकुमार यादवको मिलिभगत रहेको आरोप लगाए । उनले मन्त्रालयमा समेत कयौं पटक रकम फछ्र्यौटबारे गुनासो गरे पनि वास्ता नगरी थर्काउने गरेको आरोप लगाए ।

यता प्रबन्ध निर्देशक शाहले चेक बाउन्सको उजुरी धनुषा प्रहरी कार्यालयमा दर्ता गराएका छन् ।

## २०४६ सालको जनआन्दोलन स्मरण :

# मुक्तिको गीत गाउँदै गर्नुस् , शुभकामना छ !



हिमांशु चौधरी

इन्द्रिय तथा शारीरिक विकासको क्षण उद्वेलित भावलाई डायरीमा लेख्दै गरेको थिएँ । त्यो कालखण्ड थियो- संघर्ष, गिरफ्तारी, जेल, दुःखे-दुःख, काँडै-काँडा आधारशिला भताभुंग । त्यो भावभूमिमा आवेगलाई बिम्ब, प्रतीकका रुपमा संयोजन गरी सार्वजनिक प्रयोजन बनाउने गर्थें । त्यो सिर्जना कसैलाई क्याक्टस लाग्थ्यो भने कसैलाई गुलाफ । कहिले काँही केही सूत्रको क्षण धागो बिना नै गाँसिएको छ जसलाई न त बिर्सिन सकिन्छ , न त चुँडाल्न सकिन्छ । २०४६ सालको आन्दोलनको सूत्रको त्यो क्षण जीवन जिउने हकदारी, विद्रुपताको स्मरण गराउँदै विख्यात विचारक सुकरातको त्यो जीवन जिउन योग्य छैन्, जुन समीक्षाको कसीमा खरो उत्रन सक्दैन भन्ने भनाइको सेरोफेरोमा तडपि रहेको छु । आन्दोलनकै मार्गरुपी त्रिभुवन विश्वविद्यालयको कीर्तिपुरको अडिटोरियम ,प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय सभागृहमा गाएको गीत सम्झी रुन्छु, हाँस्छु । रुनु, हाँस्नु आर्तनाद नियतिको जवाफ बुझ्ने संभवतः त्यो क्षणका हारमोनियम , तवलावादक र मञ्चमा आसीन अभियानी , अभियन्ता मात्र होलान ।जुन क्रुर नियतिको निर्मम क्षणको थुप्रो हो ।

मूल्यहीन अवस्थामा हिँडदा हिँडदै बाटो नरोकिँदै जीवन नसकोस भन्ने धारमा अन्याय , निरंकुशता विरुद्धको इतिहासका ती विशिष्ट घडी मान्छेको शक्ति नदी जस्तै भएको थियो । एकत्रित शक्ति अजस्र शक्तिको रुप ग्रहण गर्दै थियो । विकराल सामाजिक , राजनीतिक परिस्थिति र तिनले निर्माण गरी मान्छेमाथि थुपारिएका निर्मम स्थिति विरुद्ध विद्रोहको विगुल शंखनाद गर्दै नयाँ युगको आह्वान स्वरुप कीर्तिपुरको अडिटोरियममा आयोजित कार्यक्रममा गोपाल योञ्जनको रचना गाउने जिम्मेवारी पाएको थिएँ । रचना थियो :

*देशले रगत मागे, मलाई बली बढाऊ*
*रुँदिनन् मेरी आमा, उ नेपालीकी छोरी*
*बुढेसकालका लट्ठी देश यज्ञभित्र होमी*
*मेरी बुढी आमा गोठमै हाँसीखुशी देखिन्छिन्*
*ती काँगडाका सन्तान अझै मरेका छैनन्*
*तर चियाबारी र बासघारी कुरिरेका हुन्छन*
*पाउँदिन केही पनि रगत स्तनको साटो*
*आउँदिन माग्न उसलाई उ नेपालीकी छोरी*

सुस्केरा, गाथा समानान्तर उपगाथा, भत्किँदै गएका सेतु, एक्लै सुकसुकराइ, जीवनका पीडा, छटपटी अन्योलताका पर्खाल, अविश्वासका अन्य गीत गाइरहेकै बेला सेनाले अडिटोरियम घेराबन्दी गरी म लगायत अडिटोरियममा भएकाहरुलाई पक्राउ गर्दे महेन्द्र पुलिस क्लबमा लगेर यातनाका तानाबाना बुन्न थाले । प्रहरी कागजमा केही प्रश्नहरु लेखेर ल्याउँथे र पक्राउ गरिएकाहरुसँग प्रश्नको जवाफ सुन्ने गर्थे । उनीहरुको चित्त बुझेपछि जवाफ दिनेसँग कागजमा सही गराइ रिहा गर्ने गर्थे । यही क्रममा प्रहरी मेरो समीप आइ प्रश्न गरे :

- **के का लागि गीत गाएको ?**
- **गीत किन गाउनु पऱ्यो ?**
- **राजसंस्थाप्रति असन्तुष्टि किन ?**
- **मर्ने इच्छा छ ?**

प्रहरीबाट नै थाहा पाएँ , कागजमा सही गरेर रिहा हुनेहरु मूल रुपमा राजा र पञ्चायती व्यवस्थाको हिमायती भएको स्वीकार गरेका रहेछन् । तर इतिहास यस्तो पनि छ - कागजमा राजाका हिमायती स्वीकार गर्नेहरु नै व्यवस्था परिवर्तनसँगै अवसर पाए, पाइरहेका छन् तर योद्धाहरुसँग आर्तनाद मात्र छ । प्रहरीलाई जवाफ दिएको थिएँ :

- **गीत दिग्जाल तोडनका लागि गाउाछु ।**
- **आध्यारो हटाइ प्रकाशको कामनाका लागि गीत गाउनु परेको छ ।**
- **असन्तुष्टि भगवानको अवतार भनिने साग छ ।**
- **लोकतन्त्रको सपना साकार समक्ष मृत्युको कुनै अर्थ हुादैन ।**

प्रहरीलाई जवाफ दिइ रहँदा दुर्गानन्द झाको महान यात्राको मानचित्र मन मस्तिष्कमा थियो । प्रहरीलाई जे जस्तो जवाफ दिए पनि मूलतः गीत गाउँदा हरेक शब्दमा दुर्गानन्द, राम, लक्ष्मण, कामेश्वर कुशेश्वरको उपस्थिति पाउँथे । लोकतान्त्रिक पद्धतिको क्षितिजसम्म नियाँल्न पुर्थें र वीर बनेर मर्ने संकल्प गर्थे । गोपाल योञ्जनको रचनाले चाहेको निर्धा भएर एकछिन पनि नबाँच्ने भावले उद्वेलित हुन्थेँ । पृथ्वी नारायण, महेन्द्रले तराइवासी र तराइसँग गरेको दानवीय कृत्य, वीपी कोइरालासँग महेन्द्रले गरेको विश्वासघात, दुर्गानन्द झालाई फाँसी, लक्ष्मीनारायण झालाई बेपत्ताले बरु शहीद भएर वीरकै मृत्यु म मर्छु भन्ने भाव नै गायनको नेपथ्य थियो ।

हुन त ह्रदयरुपी फ्रेममा आस्थाका नायकका



रुपमा गणेशमान सिंह, बीपी कोइराला , मदन भण्डारी, महेन्द्र नारायण निधि, गजेन्द्र नारायण सिंह र रामराजा प्रसाद सिंह थिए । यी आस्थाका नायकबाट जीवन गुलाफको ओछ्यान होइन, कण्टकमय भएको तथ्यलाई आत्मसात गरेको थिएँ ।

राजसंस्थाको कुरा गर्दा पृथ्वी नारायणको मकवानपुरमा तराइवासीप्रतिको क्रुरता , राणा कालमा भोग विलास, निरंकुशता, आधुनिक कालमा पश्चिमा शिक्षा ग्रहण, गुरुकुलीय शिक्षा पद्धतिलाई विस्थापित गरी पश्चिमा मोडलको नयाँ शिक्षा लागु , नमिता सुमिता हत्या काण्ड, राजपरिवारको पश्चिमा संस्कृतिप्रतिको मोह, राजपरिवारकै सदस्यहरुबाट पुजारी, सुरक्षाकर्मीलाई प्रयोग गरी लागू औषधको कारोवार, मूर्ति चोरी, बिक्री लगायतका सन्दर्भ वेद सम्मत राजाको चरित्र विपरीत कटु सत्य , ईश्वरका नाममा ढुंगा पुजिन्छ, आँखाले देख्दादेख्दै ईश्वरका नाममा मान्छे समेत पुजिन्छन आखिर हो के ईश्वर ? कथित ईश्वरलाई आफ्नो काँधमा बोक्नु भ्रमजाल हो, अँध्यारोमा नदेखेको कालो बिरालो देखेको संवदेनहीन विष्णु अवतारी पात्रप्रतिको अनास्थाको कारण थियो ।

केवल मन्दिरहरुमा गएर पूजाआजा गर्दैमा धर्मपरायण गरेको हुँदैन, राजाहरु धर्म धारण गर्न चुकेका छन् । वेद वेदान्तको ज्ञाता विद्वानहरुलाई राजाले आफ्ना सल्लाहकार नबनाउनु, सल्लाहकारको छोरा पादरी बन्नु, इस्कोन, साईबाबा, ओम शान्ति जस्ता सनातन धर्म विरोधी संस्थालाई प्रवेश गराउनु पनि राजसंस्थाप्रतिको असन्तुष्टि थियो ।

मेरो जवाफ पछि मलाइ महेन्द्र पुलिस क्लबबाट नखु जेल सारियो । नखुमा सारिदा ह

हृदयमा हलचल, खुल्दुली, अनिष्टता थियो । भ्रम, पाखण्ड , अन्धता, बहुला विचार र परपीडक सोच कहिल्यै स्थायी हुँदैनन् । मनले चिताए जस्तै कहाँ हुन्छ जीवन , यो एउटा क्रुर नियतिको निर्मम खेल पनि हुन सक्छ । दुर्गानन्द झाले परिवारजनलाई भनेका यी वाक्य सम्झे- खेत खलिहान रक्ताम्य होला, रगतको खोला बग्ला तर त्यो दिन अवश्य आउँला, अर्थात निरंकुशताको अस्त र गणतन्त्रको उदय । झाको रातो खेत, रातो खोलानाला स्वतन्त्रता र स्वाभिमानी जीवनको चाहना थियो । सोच्दै थिएँ- म जीवनको काँडामा पछारिनेछु, रक्तम्य बग्छु । रातको चकमन्नतामा सामुद्रिक छालहरुसित चटटान टकरिँदा र छालहरुको आरोहअवरोहमा आमजनको पीडा र सुस्केराका धुनसँगे स्वामी विवेकानन्दको हामी त्यो हौं, जसले हामीलाई हाम्रो सोचले बनाएको छ, यसकारण ध्यान दिनु जरुरी छ कि हामी के सोच्दै छौ, शब्द गौण छ, विचार रहन्छ, जसले टाढासम्म यात्रा गर्दछ भनाइलाई स्मरण गरिरहेको थिएँ । जनसागर नारायणहिटीसम्म पुगेको प्रहरीको कुराकानीको आशय बुझे, भोरमा प्रहरी आएर भने- मुक्तिको अपार गीत गाउँदै गर्नुस, शुभकामना छ !






जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८